दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं,
जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

# प्रथम विधान महाधिवेशन

(असोज १५–१७, २०७८) बाट पारित

# केन्द्रीय अनुशासन आयोगको प्रतिवेदन

cpnuml

अध्यक्ष कमरेड तथा विधान महाधिवेशनका प्रतिनिधि कमरेडहरू,

यतिखेर हामी हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले)को प्रथम विधान महाधिवेशनमा क्रान्तिकारी उत्साह र ऐतिहासिक जिम्मेवारीवोधका साथ उपस्थित भएका छौ। पार्टीको नवौं महाधिवेशन सम्पन्न भएको करिव ७ वर्षपछि आयोजित यो विधान महाधिवेशन नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा सर्वथा नयाँ अभ्यास हो। कोरोना महामारी र बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिबाट सिर्जित अनेकौ समस्यासँग जुझ्दै र पार्टीमा उत्पन्न अस्वस्थ र विखण्डनकारी प्रवृत्तिका विरुद्ध संघर्ष गर्दै यो प्रथम महाधिवेशनमा पार्टीको जिम्मेवार प्रतिनिधिका रुपमा नीति तथा विधि निर्माणको महत्वपूर्ण प्रक्रियामा हामीहरू उपस्थित भएका छौ। हामीले यो समयको सक्दो सदुपयोग गर्नुपर्दछ। राष्ट्रिय राजनीतिका विविध पक्षहरूबारे राजनीतिक प्रतिवेदनमा, संगठनात्मक समस्याबारे संगठनात्मक प्रस्तावमा र विधान संशोधनबारे विधान सम्बन्धी प्रस्तावमा यथेष्ट चर्चा भइसकेको छ। तसर्थ, यहाँ नवौ महाधिवेशनपछि अनेकौ प्रतिकूलताका विरुद्ध संघर्ष गर्दै केन्द्रीय अनुशासन आयोगबाट भएका कामहरू र हाम्रा विचार तथा सुझावहरूबारे संक्षिप्त जानकारी दिने प्रयास गरेका छौ। कमरेडहरूका गहन सुझावपछि आगामी दिनहरूमा पार्टीलाई अनुशासित र सुदृढ पार्ने काममा गंभीर हुदै अघि बढ्ने हामी प्रतिबद्धता व्यक्त गर्दछौ।

## १. पृष्ठभूमि

नेपाली समाज अहिले राजनीतिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक संकटहरूबाट गुज्रिरहेको छ। यसले गर्दा एक पछि अर्को गरी चुनौतीहरू सिर्जना भइहेका छन्। वर्गीय, जातीय, लैंगिक तथा भौगोलिक विकटताका कारणले अनेक खालका विभेदहरू समाजमा विद्यमान छन्। शोषण र उत्पीडनका विद्यमान प्रवृत्तिहरूले नेपाली समाजको विकासको बाटो अवरुद्ध भइहेकोछ। हामी मार्क्सवादी हौँ, समाजवाद हाम्रो लक्ष्य हो। समाजको मुल अन्तरविरोधलाई यसैको आधारमा निक्र्यौल गरिनु पर्दछ। नेपाली समाजको मूल अन्तर्विरोध वर्गीय हो र उत्पीडनको मुख्य स्वरूप पनि वर्गीय नै हो। यसैको जगमा जातीय, भाषिक, लैङ्गिक, सामाजिक र साँस्कृतिक उत्पीडनहरू खडा भएका छन्। आर्थिक समृद्धिका लागि समाजमा रहेका विभेदकारी संरचनाहरूको अन्त्य गर्ने स्पष्ट राजनीतिक कार्यदिशा अहिलेको आवश्यकता हो। मुट्ठीभर धनीहरू झन् धनी हुँदै जाने र बहुसङ्ख्यक जनता गरिबीको दुश्चक्रमा फस्दै जाने आर्थिक परिपाटीले समग्र समाजलाई समृद्ध बनाउन सक्दैन। यस कुरालाई आत्मसात गर्दै वर्गीय राजनीतिबाट निर्देशित भएको विकासबाट मात्र 'समृद्ध नेपाल, सुखी नेपाली' निर्माण गर्न सकिन्छ भन्ने नेकपा (एमाले)को विश्वास हो। त्यसकारण हामीले आर्थिक वृद्धि र न्यायोचित वितरणमा आधारित सन्तुलित विकासको ढाँचालाई अगाडि बढाउन विशेष प्रयत्न गर्नु पर्दछ। गरिब श्रमजीवी वर्गलाई आधार मानेर गाउँगाउँमा उत्पादनमुखी सहकारिताको विकासमा जोड दिनु पर्दछ। यसरी मात्र प्रत्येक नागरिकका लागि 'गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारी' माथिको पहुँच सुनिश्चित हुन सक्दछ।

नेपाली समाजमा जनसंख्याको असमान वितरण, असन्तुलित विकास, भ्रष्ट्राचार र अनियमितताहरू, शिक्षा तथा स्वास्थ्यमा रहेका विसंगतिहरू, बढ्दो महिला हिंसा, छुवाछुत, जातीय विभेद र वातावरणीय प्रतिकूलताहरूले थप संकट सिर्जना गरेका छन्। त्यसैगरी वित्तीय पूँजीवादी संकट र विविधखाले अतिवादले नेपाली समाजलाई गंभीररुपमा प्रभावित गरिरहेका छन्। उदार पूँजीवाद र वित्तीय साम्राज्यवादका कारण नयाँ–नयाँ संकटहरू सिर्जना भइरहेका छन्। यसैगरी अनेकौ प्रतिकूलताका वावजुद समाजको लोकतान्त्रिकरण तथा वामपंथी आन्दोलनको क्षेत्रमा नया विकास पनि भइरहेको छ। विश्वभरी समाजवादी आन्दोलनहरूको प्रभावकारितामा बृद्धि भएको छ। साथै, चीनले समाजवाद निर्माणको आफ्नै मौलिक बाटो विकास गरिरहेको छ। यी हाम्रो लागि प्रेरणाका विषयहरू हुन।

शोषण र उत्पीडनमा रहेका जनताको मुक्ति, उनीहरूको सुखी जीवन, नेपाली जनताको न्याय र स्वतन्त्रता, मुलुकको समृध्दि तथा विकासको निम्ति सुस्पष्ट विचार र दृष्टिकोण बोकेको अनुशासित एवं सुसंगठित पार्टी तथा अविश्रान्त र दुरद्रष्टा नेतृत्व स्थापित र विकास गर्नु अहिलेको चुनौती हो। यसको लागि ठोस विधि, विधान तथा कार्यविधिहरू र तिनलाई कार्यान्वयन गर्ने वैज्ञानिक पद्धति र प्रक्रियाहरू अत्यावश्यक हुन्छन्। कम्युनिष्ट पार्टीभित्र बलियो अनुशासन आयोगको आवश्यकता छ भन्ने कुराको पृष्ठभूमि यही नै हो। विधि निर्माणको गम्भीर विमर्शमा रहनुभएका यस विधान महाधिवेशनका सम्पूर्ण प्रतिनिधि कमरेडहरूको ध्यान यस बिषयमा राम्ररी जानेछ भन्ने अपेक्षा हामीले गरेका छौ।

नेकपा (एमाले)ले सन्तुलन र नियन्त्रण कायम गर्दै पार्टीलाई अनुशासित र एकताबद्ध बनाउन पार्टी भित्र स्वतन्त्र न्यायिक निकायका रुपमा महाधिवेशनबाट निर्वाचित हुनेगरी अनुशासन आयोगको व्यवस्था गरेको हो।

प्रारम्भमा यसलाई अनुशासन समितिको रुपमा स्थापना गरिएको थियो। पछि यसको आवश्यकतालाई गंभीररुपमा महसुस गर्दै यसलाई अधिकारसम्पन्न न्यायिक आयोगका रुपमा स्थापित गरिएको छ।

कम्युनिष्ट पार्टी विचारबाट निर्देशित संस्था हो। यसमा नीतिले प्राथमिकता पाउनु पर्दछ। न्यायपूर्ण समाज स्थापना र विकास गर्न संगठित प्रयत्न जरुरी हुन्छ। मानव सभ्यता विकासको क्रममा प्राप्त भएका उपलब्धिहरू तथा प्रकृतिको अस्तित्व र गतिशीलताका वैज्ञानिक नियमहरूमा आधारित भएर संगठन संचालनका विधिहरू स्थापित गर्नुपर्दछ। हामीले सुविचारित ढंगले व्यापकरुपमा छलफल गरी यी विधिहरूलाई तयार गर्नुपर्दछ। संगठनका सीमा र क्षेत्रहरूका आधारमा संस्थागत संरचना परिभाषित गर्नुपर्दछ। संगठन एउटा जिवन्त सस्था हो। यसको नेतृत्व दूरदर्शी हुनुको साथै विचार र आचरणमा स्पष्ट हुनुपर्दछ। यसको लागि नेतृत्व विकासको ठोस प्रक्रिया र पद्धति परिभाषित गर्नुपर्दछ। यी सबै काममा विधान महाधिवेशनको विशेष महत्व हुने कुरामा कुनै द्विविधा छैन।

## २. विधानमा अनुशासन आयोगको व्यवस्था

नवौ महाधिवेशनले अनुशासन आयोगको विषयमा पार्टी विधानको धारा १६मा व्यवस्था गरेको छ। विधानमा उल्लेख गरेबमोजिम राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष सहित २१ सदस्यीय केन्द्रीय अनुशासन आयोगको निर्वाचन हुने भनिएको छ। आयोगको बैठकले उपाध्यक्ष र सचिवको निर्वाचन गर्दछ। आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्य सरह हुन्छ। उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका

सदस्यसरह हुन्छ । यो आयोग राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ । आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

अनुशासन आयोगका अधिकार र कर्तव्यको विषयमा विधानमा देहाय बमोजिम व्यवस्था गरिएको छ –

- पार्टीका तोकिए बमोजिमका कमिटीका सदस्यहरू र जनप्रतिनिधिमूलक संस्था एवम् लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, आवश्यकता अनुसार छानबिन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने ।
- पार्टीका केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरूलगायत विभिन्न तहका पार्टी कमिटी, कार्यकर्ता र सदस्यहरूले पार्टी अनुशासन, निर्णय र निर्देशनको पालना गरे नगरेको अनुगमन गर्ने र गल्ती गर्नेहरूमाथि अनुशासनको कारबाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने ।
- पार्टीको अनुशासन उल्लंघन गर्ने, पार्टीले तोकेको परिधि र पद्धति नाघी अभिव्यक्ति दिने, पार्टीको हितविपरीत क्रियाकलाप गर्ने कुनै पनि तहको सदस्यलाई सचेत पार्ने तथा त्यस्ता गतिविधि दोहोर्‍याइरहने सदस्यलाई विधानअनुरूप अनुशासनको कारबाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने ।
- कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न

उठी उजुरी परेमा वा जानकारी भएमा आवश्यक छानबिन गरी अनुशासनको कारबाही गर्न निर्देशन दिने, सम्बन्धित कमिटीले सो निर्देशन कार्यान्वयन नगरेमा आयोग स्वयंले कारबाहीको प्रक्रिया अघि बढाउने ।

- अनुशासनको उल्लङ्घन सम्बन्धी सवालमा अनुसन्धान गर्ने सन्दर्भमा आवश्यकता अनुसार विभिन्न कमिटीका बैठक तथा कार्यक्रमहरूमा उपस्थित हुन सक्ने ।
- आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गरी पदमुक्त गर्ने र अध्यक्ष, उपाध्यक्ष र सचिव वा सदस्यहरूको राजीनामा स्वीकृत गर्ने ।
- पार्टी केन्द्रीय कमिटी लगायत कुनै पनि कमिटीबाट अनुशासनको कारबाहीमा परी चित्त नबुझे लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा कमिटीको उजुरी वा पुनरावेदन ग्रहण गरी त्यसमा आवश्यक छानबिन गरी निर्णय गर्ने । केन्द्रीय कमिटीको निर्णय उपर चित्त नबुझी यस आयोगसमक्ष पुनरावेदन गरिएमा सो उपर छानविन गरी आवश्यक कारबाही गर्ने ।
- अनुशासनको कारबाही सम्बन्धी निर्णय र पर्न आएका पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय कमिटीलाई दिने ।
- आयोगले आफ्नो कार्य–सम्पादन नियमावली आफै बनाउने ।

- आफ्नो कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्समक्ष प्रस्तुत गर्ने, केन्द्रीय कमिटीसमक्ष जानकारीका लागि प्रस्तुत गर्नसक्ने ।
- आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठकमा भाग लिने ।

## ३. नवौ महाधिवेशन पछिको आयोगको स्थिति

२०७१ असार १९ देखि साउन १ गते सम्म काठमाडौँमा आयोजित पार्टीको नवौ राष्ट्रिय महाधिवेशनबाट २१ सदस्यीय आयोग गठन भएको थियो । विधानमा रहेको व्यवस्थालाई प्रयोग गरी १० प्रतिशत सदस्य थप गर्न पाउने भएकोमा एक जना कमरेडलाई मात्र आयोगले मनोनित गरी २२ सदस्यीय आयोग बनाइएको थियो । पछिल्लो समयमा आयोगका दुईजना सदस्यहरूको न्यायिक तथा राजनीतिक नियुक्ति भएको थियो । यसै वीच आयोगका एकजना सदस्य कमरेडको दुखद निधन भएको छ ।

नवौ महाधिवेशनबाट निर्वाचित यस आयोगको पहिलो बैठक २०७१ भदौ २८ गते सम्पन्न भएको थियो । त्यसपछि आयोगका जम्मा ८ वटा बैठकहरू सम्पन्न भएका छन् । पार्टी एकीकरणको लगत्तै पछिल्लो बैठक २०७५ असार ९ गते बसेको थियो । पार्टी एकीकरणपश्चात् अनुशासन आयोगलाई पूर्णता नदिइएको कारणले अन्योल सिर्जना भई आयोगका नियमित बैठकहरू हुन सकेनन् । करिव ३ वर्ष अनुशासन आयोग र यसका सदस्यहरू असंगठित र जिम्मेवारीबिहीन अवस्थामा रहनु पऱ्यो । यो हाम्रो पार्टी जीवनको अत्यन्त पिडादायी अवधि हो । यसै बीचमा पार्टीमा विकास भएको असामान्य

अवस्थाले आयोगमा थप अन्योल सिर्जना हुन गयो । पार्टीलाई एकताबद्ध बनाउन भएका कठीन प्रयत्नको कारण अहिले आयोग पुनः नियमित अवस्थामा आइपुगेको छ । यो खुशीको कुरा हो ।

नवौ महाधिवेशनबाट निर्वाचित भएपछि यस आयोगले विद्यमान कार्य सम्पादन निर्देशिका संशोधन गऱ्यो। आयोगका आन्तरिक विषयहरूमा महत्वपूर्ण निर्णय गरियो। कामलाई अगाडि बढाउनेक्रममा आयोगको महत्वपूर्ण कार्यभारको रुपमा रहेको पार्टी नेताहरूको सम्पत्ति विवरण संकलन गर्ने काम तदारुकताका साथ गरियो । मन्त्रीहरू, सांसदहरू, स्थायी कमिटी र केन्द्रीय कमिटीका सदस्यहरूको सम्पत्ति विवरण झण्डै ७५ प्रतिशत जम्मा गरिएको थियो । पार्टीमा विकास भएको असहज अवस्थाको कारणले गर्नुपर्ने अन्य धेरै कामहरू पूरा गर्न सकिएन ।

## ४. पार्टी एकीकरणपछि उत्पन्न परिस्थिति

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकीकरणबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन हुनु ऐतिहासिक एवम् दूरगामी महत्वको घटना थियो। त्यस एकताले देशमा राजनीतिक स्थायित्व सुनिश्चित गर्नुका साथै संविधानको रक्षा एवम् कार्यान्वयन गर्ने, सामाजिक न्यायसहितको विकास एवम् समृद्धि हासिल गर्ने र जनताको जनवाद कार्यान्वयन गर्दै समाजवादतर्फ अघि बढ्ने बलियो आधार प्रदान गरेको थियो। त्यति मात्र नभई आम निर्वाचनमार्फत जनताले पार्टीलाई करिव दुई तिहाइ मत प्रदान गर्दै पार्टी एकतालाई औपचारिकरुपमा अनुमोदन गरेका थिए। समग्र पार्टी पङ्क्ति र आम जनतामा समेत एकताले ठूलो उत्साह सिर्जना गरेको थियो।

एकता प्रक्रियाप्रति यस आयोगले खुशी प्रकट गर्दै नेपाली समाजको अग्रगामी रुपान्तरण र समाजवाद प्राप्तिको दिशामा यो एकता कोसेढुंगा सावित हुनेछ भन्ने निर्णय गरेको थियो। साथै, एकीकरणको प्रक्रियालाई चाँडो टुंगाउन आव्हान गरेको थियो। समयक्रममा एकीकरणका प्रक्रिया पूरा भएन। लामो समयसम्म नेता तथा कार्यकर्ताहरू असंगठित र जिम्मेवारीबिहीन हुनुपर्‍यो। यस्तो अवस्थाबाट नेताहरूमा असन्तुष्टिहरू देखिन थाले। पार्टीभित्रको बिग्रह र बाहिरबाट भइहेको षडयन्त्रको कारणले संसद संचालनमा गंभीर अवरोध भएको अवस्थामा प्रतिनिधिसभा विघटन हुन पुग्यो। त्यसको केही समयपछि अदालतले त्यसलाई पुनस्थापित गर्‍यो। यसैबेला अदालतले तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच एकीकरण भई प्रदान गरिएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नामको दर्ता प्रक्रियामा त्रुटि रहन गएको फैसला गर्यो। फलतः पार्टीहरू पूर्ववत अवस्थामा पुगे। विभिन्न कारणले नेताहरूवीच सिर्जित विवाद उत्कर्षमा पुगिरहेको अवस्थामा पार्टी एकीकरणको मुल भावना अनुरुप एकीकृत पार्टीको पुनः दर्ताको प्रक्रिया अगाडि बढ्न सकेन। पार्टीभित्र उत्पन्न विग्रहका घटनाहरू तथा अदालतले गरेका विवादस्पद फैसलाहरूले गर्दा पार्टीभित्र उत्पन्न समस्याहरूलाई पार्टीको आन्तरिक विधिहरूबाट समाधान गर्न सकिएन। पार्टीमा आन्तरिक विवाद चर्किंदै अन्ततःपार्टी विग्रहको अवस्थामा आइपुग्यो। हामीले ऐतिहासिक भनेर खुशी प्रकट गरेको पार्टी एकतालाई जोगाउन सकिएन। यस्तो प्रतिकूल अवस्थामा नेताहरूको सुझबुझपूर्ण पहलकदमीबाट १० बुँदे सहमति गर्दै पार्टीलाई एकताबद्ध गरिएको छ। यद्यपि, केही नेताहरू अहिले पार्टीबाट बाहिरिएका छन्। यसले हाम्रो पार्टीको संगठनात्मक जीवनमा केही क्षति पुगेको छ। यो हाम्रो लागि दुखद पक्ष हो।

## पार्टी एकीकरणको सन्दर्भमा समीक्षा

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको पार्टी एकता ऐतिहासिक थियो । त्यसलाई खँदिलो र दिगो एकतामा परिणत गर्नुपर्नेमा यस विषयमा पर्याप्त पहल र प्रयत्न भएन । पार्टी एकीकरण वस्तुगत अवस्थाको प्रतिविम्ब भएता पनि अप्रत्यासित थियो। दुई भिन्न सोँच र शैलीमा विकास भएका पार्टीहरूवीच एकता गर्दा राजनीतिक, सैद्धान्तिक र संगठनात्मक समस्याहरूमाथि अझ गंभीर र पर्याप्त छलफल गरिनु पर्दथ्यो । भिन्न ढाँचा र शैली भएका पार्टीहरूको संगठानिक स्वरुप र संरचनाहरूको एकता जटिल थियो । त्यतिमात्र होइन, हामीले पार्टी एकताको घोषणासंगै पार्टीका केन्द्रीय कमिटी, केन्द्रीय निकायहरू लगायत सबै तहका कमिटीहरू र जनसंगठनहरू एकैसाथ भंग गऱ्यौं । त्यसले पार्टीमा ठूलो अन्योल सिर्जना गर्यो । लामो समयसम्म एकीकरण प्रक्रिया टुंगिएन । ठूलो संख्यामा रहेका नेता तथा कार्यकर्ताहरू कमिटीबिहीन र जिम्मेवारीबिहीन हुनुपऱ्यो । यसले गर्दा संगठनमा जडता र नेतृत्वमा यथास्थिति देखा पऱ्यो । यो इतिहासकै दुःखद पक्ष हो । यसअर्थमा पार्टी एकता महत्वपूर्ण र ऐतिहासिक रहे पनि एकीकरणलाई टुंगोमा पुऱ्याउन पर्याप्त पहलकदमी नभएको देखियो । यो हाम्रो कमजोरी हो । समयक्रममा यसको वस्तुनिष्ट समीक्षा गरिनु पर्दछ ।

पार्टी एकीकरण भएको केही महिना पार्टी काममा गति देखिएको थियो । पार्टीलाई राजनीतिक दिशा प्रदान गर्न राजनीतिक प्रतिवेदन प्रकाशित भयो । त्यसैगरी पार्टीको विधान मस्यौदा (अन्तरिम) तर्जुमा गरियो । दुई पार्टीका विधानहरूलाई मिलाएर 'अन्तरिम विधान– २०७५' बनाइएको थियो । एकीकरणको मर्म र भावनाअनुरुप संगठन संचालन गर्न विधानमा अन्तरिम विधि निर्धारण गरियो र नेतृत्वलाई व्यवस्थापन गरियो ।

अन्तरिम विधान बनाउँदा विधान मस्यौदा समितिले अनुशासन आयोगको भूमिकालाई संकुचन गरेको पाइयो । यसले केही असहजता सिर्जना गऱ्यो । यस विषयमा आयोग लगायत कुनै सरोकारवाला कमिटीहरूसँग परामर्श भएन । आयोगको विद्यमान काम कर्तव्य र अधिकारहरू कटौती गरिए । आयोगको शक्ति सन्तुलनको मर्म र भावना बमोजिमको स्वायत्ततालाई नियन्त्रण गर्ने व्याख्या देखियो । यी त्रुटिहरूलाई सच्याउनका लागि पार्टीको स्थायी कमिटी लगायत जिम्मेवार ठाउँहरूमा गंभीर पहल गरियो । फलस्वरुप २०७६ माघ १६ देखि १९ सम्ममा बसेको केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकबाट उपरोक्त त्रुटिपूर्ण प्रावधानहरू विधानबाट हटाउने औपचारिक निर्णय भएको थियो ।

पार्टी एकता गरिरहेको बेला ३ महिनाभित्र पार्टीका सबै तहमा एकीकरण प्रक्रिया पूरा गर्ने घोषणा गरिएको थियो । त्यसको विपरित लामो समयसम्म संगठनको क्षेत्रमा केही नगरी पार्टी औपचारिक विभाजनमा आइपुग्नु धेरै नै दुःखद पक्ष रह्यो । अन्योलको यस समयमा केन्द्रीय निकायहरू लगायत पार्टीका सबै कमिटीहरू तथा जनवर्गीय संगठनहरू प्रायः अस्तव्यस्त हुन पुगे ।

## ५. पार्टी र सरकारको काम

नेपाली जनताको लोकप्रिय मतदानको आधारमा संसदमा झण्डै दुई तिहाई भएको सरकार बन्नु नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा महत्वपूर्ण उपलब्धि थियो । सरकारले तत्कालीन र दीर्घकालीन महत्वका अनेकौ कामहरू गरेको थियो । राष्ट्रियता र लोकतन्त्रको पक्षमा महत्वपूर्ण कामहरू

गरेको थियो। विकास निर्माणको सवालमा धेरै राम्रा काम भएका थिए। 'समृद्ध नेपाल : सुखी नेपाली'को नवौ महाधिवेशनको नारालाई मुखरित गर्न सरकारले व्यापक योजना र कार्यक्रमहरू संचालन गरेको थियो। आधुनिक प्रविधिसहित सडक, पुल, रेल, विमानस्थल र नहरलगायतका ठूला भौतिक पूर्वाधारहरूको क्षेत्रमा उल्लेख्य उपलब्धिहरू हासिल भएका थिए। व्यापक रूपमा आयात प्रतिस्थापन र निर्यात प्रबद्र्धन गर्न उद्योगहरूको विकास भएको थियो। राष्ट्रको स्वतन्त्रता, स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई सुदृढ गर्दै सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रका संघ, प्रदेश र स्थानीय तहको सर्वाङ्गीण विकासको योजना कार्यान्वयन भइरहेको थियो। आर्थिक सूचकहरूमा नेपाल उच्च आर्थिक वृद्धिदर भएको मुलुक बनेको थियो। सरकारले गरेका कामहरूबाट नेपालको आर्थिक तथा सामाजिक क्षेत्रमा अन्तराष्ट्रिय सूचकाङ्कहरू सुदृढ भएका थिए।

विकासका कामहरू व्यापकरुपमा भइइहे तापनि सरकारले गरेका यी कामहरूको स्वामित्व पार्टीले लिएको देखिएन। पार्टी र सरकारका कामहरूको राम्रो संयोजन भएन। पार्टीभित्र सिर्जना भएका विवादहरूले गर्दा पार्टी र सरकारबीच अनेकौ समस्याहरू देखिए। बजेट र कार्यक्रमहरूमा विवादहरू देखिए। ती विवादहरू सार्वजनिकरुपमा देखिदै सरकार विघटनको अवस्था सिर्जना हुन गयो। यो दुखद कुरा हो। पार्टीका विवादहरूलाई अन्तरपार्टी संघर्षको विधिबाट पार्टीभित्र नै हल गर्नु पर्दथ्यो। विवादहरू सार्वजनिक गर्ने र विग्रहको बाटोमा जाने गलत तरिका अवलम्बन भयो। यसबाट पार्टीविरोधी शक्तिहरूलाई हामीभित्र खेल्ने आधार बन्यो।

## ६. पार्टी कमिटीहरूको अवस्था

विभिन्न कारणले पार्टी एकीकरणपछि सबै तहका पार्टी कमिटीका आकारहरू बढ्न पुगे। त्यस्ता कमिटीहरूले प्राय जसो सङ्गठनको स्वरुप नै ग्रहण गर्नसकेनन्। कमिटीका आकारहरू बढेर कमिटीमा बस्ने होडबाजी चल्यो। त्यसले गर्दा कमिटीहरू भेला जस्ता हुनपुगे। बैठकहरू बस्न कठिनाइ भयो। कमिटीको आकार भद्दा भएकाले गुणस्तर घट्न पुग्यो। ती कमिटीहरू प्रभावकारी पार्टी कमिटी हुन सकेनन्। त्यसले गर्दा बैठक बस्ने ठाउँ र बैठकको व्यवस्थापनमा समेत कठिनाइ उत्पन्न भयो। बैठक नियमित बस्न नसक्दा समस्याहरूमाथि गहन छलफल हुन सक्ने कुरा भएन र निर्णयहीनताको अवस्था सिर्जना भयो। यस कुरालाई आत्मसात् गर्दै अब पार्टी र कमिटीहरूलाई जुझारु र क्रान्तिकारी शैलीमा चुस्त, छरितो र गतिशील बनाइनु पर्दछ। यी समस्याहरूलाई कुनै तर्कको आधारमा पन्छाउन मिल्दैन।

## ७. वर्गसंघर्ष र जनवर्गीय संगठनहरू

समाजको रुपान्तरणको लागि विद्यमान अन्तरविरोधहरूको पहिचान र अध्ययन गरिनु पर्दछ। तिनीहरूका विविध आयामहरूबारे जानकारी हासिल गर्नु पर्दछ। समाजमा रहेका वर्गहरू, तिनीहरूका आधारहरू र अन्तरसम्बन्धहरूको अध्ययनबाट मात्र अग्रगामी परिवर्तनलाई दिशावोध गर्न सकिन्छ। समाजका हरेक वर्ग, तह र तप्कामा रहेको शोषण, दमन र उत्पीडनलाई सम्बोधन गर्न ती क्षेत्रहरूमा संगठनहरू क्रियाशील हुनु आवश्यक छ। ती वर्ग र क्षेत्रहरूमा समस्याहरू मात्र हुने होइन, त्यहाँ विशिष्ठ क्षमताहरू समेत अन्तरनिहीत हुन्छन्। ती क्षमताहरूको विकास

गर्दै समाजको रुपान्तरणलाई सुनिश्चित गर्नु पर्दछ । त्यसैले, जनसंगठनहरू पार्टीका आधार र औजारहरू हुन् । हाम्रा जनवर्गीय संगठनहरूले आफ्नै वर्गीय क्षेत्र तथा सामुदायिक समुहका मुद्दाहरू सम्बोधन गर्नु पर्दछ । वास्तवमा जनसंगठनहरू भनेका समाजमा वर्गसंघर्ष उत्थान गर्ने तथा कम्युनिष्ट पार्टीका असल कार्यकर्ताहरू उत्पादन गर्ने आधारहरू हुन् । अहिले यस प्रक्रियामा कमजोरीहरू देखिएका छन् ।

पछिल्लो समयमा जनसंगठनहरू विशाल आकारका बनिरहेका छन् । तिनमा योग्यता, क्षमता र क्रियाशीलताको मूल्याङ्कन नभएको, दबाबको आधारमा बनेको, नेताहरूको पक्षधरता र गुटबन्दीको आधारमा कमिटीहरू बन्ने गरेका गुनासाहरू देखिने गरेका छन् । यो गलत परम्परा हो । यसलाई सच्याइनु पर्दछ ।

## ८. संगठनात्मक आदर्श र पद्धति

यथास्थितिमा रहेको समाजलाई बदल्ने कुरा सहज छैन । सिद्धान्तका बारेमा धेरैले चर्चा गर्छन, मुख्य कुरा समाजको रुपान्तरण हो । परिवर्तनलाई आत्मसात् गर्ने कुरा हो । यसको लागि सर्वग्राह्य व्यवहार जरुरी छ । नेतृत्वको निम्ति यो चुनौतीको विषय हो । नेतृत्व भनेको दूरद्रष्टा हुनु पर्दछ र उसका व्यवहारहरू सर्वस्वीकार्य हुनुपर्दछ । नेतृत्वको कार्यशैली उदार र फराकिलो हुनु पर्दछ । सामाजिक व्यवहारहरूले सामाजिक सम्बन्धलाई प्रतिविम्बित गर्न सक्नु पर्दछ । तबमात्र जनताले नेतृत्वलाई ग्रहण गर्नेछन् । सादा जीवन र सामुहिकता कम्युनिष्ट पार्टीको आदर्श हो । पार्टीको नेतृत्व विकासमा यस कुरालाई गंभीररुपमा ध्यान दिनु पर्दछ ।

पछिल्लो समयमा पार्टीमा हुनेखाने बर्गको प्रभाव बढ्दै रहेको गएको टिप्पणी हुन थालेको छ। पार्टी कमिटीहरूमा सम्पन्नहरूको पकड हुदै जान थालेको छ। आधारभूत वर्गका जनता र कार्यकर्ताहरू निराश बन्दै गएको देखिएका छन्। सामाजिक व्यवहारहरू– विवाह, ब्रतबन्ध या मृत्युसंस्कार तथा पार्टीका विविध कार्यक्रमहरूमा अनावश्यक तडकभडक बढेका छन्। यस्ता व्यवहारहरू कम्युनिष्ट आदर्श होइनन्। चुनावहरू खर्चिला हुन थालेका छन्। पैसा भएका या पैसा व्यवस्थापन गर्न सक्नेहरू मात्र चुनाव लडन सक्ने अवस्था सिर्जना भएको छ। यो गम्भीर चिन्ताको विषय हो।

संगठन संचालन गर्दा विशेषतः व्यवहारमा ध्यान दिनुपर्दछ। व्यवहारलाई सूक्ष्मरुपमा जाँच्ने कसी भनेको आलोचना र आत्मालोचना हो। तर, इतिहासका हरेक कालखण्डमा शक्ति केन्द्रमा रहेकाहरू वा पार्टी नेतृत्वमा रहेकाहरूले आलोचनालाई स्वीकारेको देखिदैन। यसले गर्दा कुण्ठाहरू बढ्दै जाने र विग्रहको अवस्था सिर्जना हुने गरेको छ। आलोचनालाई स्वस्थ, तथ्यमा आधारित र विषयगत बनाउनु पर्दछ। हरेक नेता तथा कार्यकर्तालाई आफ्ना कमी कमजोरीहरूलाई आत्मसमीक्षा गर्न र सच्याउन प्रेरित गर्नुपर्दछ। यसलाई कमिटी प्रणालीभित्र अनिवार्यरुपमा समावेश गर्ने नीति लिनु जरुरी छ।

## ९. नेतृत्व विकासको पद्धति

पार्टीको केन्द्रदेखि स्थानीय तह र जनसंगठनहरूमा नेतृत्वको विकासको निम्ति वैज्ञानिक विधि र पद्धति अपनाइनु नितान्त जरुरी छ। नेतृत्वमा पुग्न गरिने कुनै पनि अस्वस्थ हरकतहरूलाई विधि विधानको माध्यमबाट निरुत्साहित

गरिनु पर्दछ । त्यसैगरी पार्टीमा नेतृत्व हस्तान्तरणको प्रक्रियालाई सहज र सम्मानजनक बनाउन विधानमा केही प्रावधान राख्नु पर्दछ । संगठनमा नेतृत्व विकास लोकतन्त्रको महत्वपूर्ण अंग हो । हरेकलाई प्रतिस्पर्धामा सामेल हुने अवसर प्राप्त हुनेगरी स्वच्छ पद्धति विकास गर्नु पर्दछ । नेतृत्व प्राप्ति र अवसरको निम्ति गरिने कुनै पनि प्रकारका गुटबन्दीलाई निरुत्साहित गर्नु पर्दछ । संगठन भनेको सामूहिकताको प्रतिविम्ब पनि हो । त्यसैले संगठनमा सामूहिक नेतृत्वको विकास गर्नु पर्दछ ।

## १०. उच्च समाजवादी संस्कार अवलम्बन

नेपाली कम्युनिष्ट आन्दोलनको विडम्वना नै भन्नु पर्दछ, नेतृत्वलाई मन पर्दा 'देवता' र मन नपर्दा 'दानव' बनाउने प्रवृत्ति छ । यो अमाक्र्सवादी दृष्टिकोण हो । यसलाई त्याग्न सक्नु पर्दछ । नेकपा(एमाले) समाजवाद हुँदै साम्यवादको लक्ष्य बोकेको क्रान्तिकारी पार्टी हो । यस्तो पार्टीले समाजलाई सुसंस्कृत र सम्पन्न बनाउने चेतना र सन्देश दिनु पर्दछ । तर, नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासतर्फ समीक्षा गर्दा गालीगलौजको संस्कृतिले उच्च स्थान पाउने गरेको छ । यस्तो प्रवृत्तिलाई हामीले त्याग्नु पर्दछ । तर्क, तथ्य, विवेक र दृष्टिकोण विनाको क्षुद्र, अराजनीतिक र कर्कस गालीगलौजले क्षणिक आत्मतुष्टि वा कुण्ठामिश्रित आक्रोश पोख्नेबाहेक केही उपलब्धि प्राप्त हुन सक्दैन ।

एउटा लोकतान्त्रिक र जिवन्त पार्टीमा अन्तरविरोध हुनु स्वभाविक हो । यी अन्तरविरोधहरूको विज्ञानसम्मत बिधिबाट निरुपण गरिनुपर्दछ । नेतृत्वले आफ्नो धैर्यता गुमाउनु हुदैन । आलोचना या विरोधलाई राजनीतिक, वैचारिक

र सैद्धान्तिक भाषामा सभ्य, संयम र उच्च राजनीतिक संस्कार तथा शैलीमा सम्बोधन गर्नु पर्दछ । समाजवादी आदर्शप्रति आकर्षित भइहेका क्रान्तिकारी युवा पंक्तिलाई उच्च संस्कृति र संस्कारको सन्देश दिनु जरुरी छ ।

## ११. समस्या र चुनौतिहरू

एउटा गतिशील पार्टीभित्र समस्याहरू हुनु स्वभाविक हो । तर, विद्यमान समस्याहरूको समाधान यथासमयमा गर्नु जरुरी हुन्छ । एकीकरण पछिको समयमा पार्टी कामको प्रभावकारिता रहेन । पार्टीका बैठकहरू राम्ररी बस्न सकेनन् । भेला र प्रशिक्षणहरू हुन सकेनन् । पार्टीको आन्तरिक जीवनमा अनेकौ समस्याहरू देखिए । नीति र विधिमा राम्रै कुराहरू लेखिएता पनि व्यवहारमा त्यो राम्ररी लागु हुन सकेनन् । पार्टी संगठनहरूमा अनुशासन र पद्धति क्रमशः कमजोर बन्दै गयो । पार्टीको समग्र विश्लेषण गर्दा पार्टीलाई आफूले केही दिनेभन्दा पार्टीबाट लिने प्रवृत्ति बढ्न थाल्यो । लेवीहरू नउठने र नदिने प्रवृत्तिको विकास भयो । वैचारिक प्रशिक्षणको आधारमा यो प्रवृत्तिलाई रोक्नु पर्दछ । हाम्रो अनुशासन आयोगले यसलाई यथासमयमा गम्भीरतापूर्वक औल्याएको पनि थियो ।

स्थानीय पार्टी कमिटीहरू जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क राख्ने सूत्रहरू हुन् । त्यस अवधिमा स्थानीय पार्टी कमिटीहरूको सुदृढीकरण भएन । स्थानीय पार्टी, जसको काम जनतासँग जोडिएको हुन्छ, त्यसलाई प्रभावकारी, सक्रिय र विषयको हिसावले जिवन्त बनाउने काम भएन ।

पार्टी कमिटीहरू जिवन्त नहुँदा स्थानीय निकाय र सरकारका कामहरूको जनतावीच उचित प्रचारप्रसार भएन । स्थानीय निकाय र सरकारमाथि

पार्टीको प्रभावकारी राजनीतिक नेतृत्व स्थापित भएन । नेताहरूले सरकारका कामहरूको स्वामित्व लिएनन् ।

केन्द्रदेखि स्थानीय तहसम्म 'समृद्ध नेपाल, सुखी नेपाली' हुदै समाजवादको आधार बनाउने पार्टीको नवौ महाधिवेशनको नारालाई कार्यान्वयन गर्ने विषयमा पार्टी कमिटीहरूमा छलफलहरू भएनन् । त्यसले गर्दा नेताहरूवीच व्यापक असन्तुष्टि देखियो । केन्द्र, प्रदेश र स्थानीय सरकारका नीति, कार्यक्रम र बजेट निर्माणमा ती कुराहरू राम्ररी प्रतिविम्बित हुन सकेनन् ।

स्थानीय तहको वस्तुगत स्थितिको ठोस जानकारी लिन तलदेखि माथिसम्म र माथिदेखि तलसम्म 'दोहोरो प्रतिवेदन तथा सूचना प्रणाली' व्यवस्थित भएन । कामको अनुगमन र मूल्याङ्कन भएन। वैचारिक र सैद्धान्तिक प्रशिक्षण व्यवस्थित भएन। छिटफुट मात्र भेला बैठकहरू भए। महाधिवेशनले पारित गरेको कार्यभार र कार्यदिशा एवं वर्तमान परिस्थितिमा मार्क्सवादको सान्दर्भिकता र जनताको बहुदलीय जनवादको बारेमा प्रशिक्षण गर्नुपर्दथ्यो । कार्यकर्ता र सदस्यहरूको वैचारिक स्तर उठाउन ध्यान दिनुपर्दथ्यो । यो काम राम्ररी भएन । पार्टी सदस्य र कार्यकर्ताहरू केवल चुनावमुखी र पदमुखी मात्र बने । व्यक्तिवादी तथा आत्मकेन्द्रित प्रवृत्ति बढ्यो । सामूहिक भावना कमजोर बन्यो ।

पार्टी अनुशासन र पद्धति कार्यान्वयनको अवस्था कमजोर रह्यो। गुटबन्दी झाँगियो। अन्तरविरोधलाई समयमा नै पहिचान गर्ने र व्यवस्थापन गर्ने काममा कम ध्यान पुग्यो । लामो समयसम्म बैठक नबस्ने, छलफल नगर्ने, आलोचना र आत्मालोचना नगर्ने र नसुन्ने अवस्था सिर्जना भयो । आलोचना गर्नेलाई निषेध गर्ने प्रवृत्ति समेत देखियो । यसले गर्दा पार्टीभित्र आलोचना र आत्मालोचनाको पद्धति ओझेलमा पऱ्यो। नेता तथा कार्यकर्ताहरूमा

व्यक्तिवादी स्वेच्छाचारी र आत्मकेन्द्रित प्रवृत्ति बढ्न थाल्यो। यस्तो गैरकम्युनिष्ट प्रवृत्ति हाम्रोजस्तो लोकतान्त्रिक र क्रान्तिकारी पार्टीका निम्ति सुहाउने कुरा होइन। यस्ता व्यवहारहरू हाम्रो पार्टी जीवनमा देखिएका छन्। अबदेखि हामीले यसको समीक्षा गर्दै गहिरो शिक्षा लिनु पर्दछ।

पार्टीमा नेता र कार्यकर्ताहरूको नैतिक तथा साँस्कृतिक आचरण कमजोर देखिदै आएको छ। एउटा कम्युनिष्ट पार्टी र बुर्जुवा पार्टीको नेता कार्यकर्ताको सोंच, दृष्टिकोण र कार्यशैलीमा खासै भिन्नता नदेखिएको अवस्था छ। पार्टी नेता तथा कार्यकर्ताहरूमा सादगीपन हराउँदै गएको छ। देखावटीपन बढ्दै गएको छ। वर्ग दृष्टिकोण र वर्ग पक्षधरता कमजोर भएको छ। गुटबन्दी र अस्वस्थताका कारण र स्रोत खोजिएको छैन। महाधिवेशनदेखि स्थानीय तहसम्म नेतृत्व चयन गर्न प्रतिस्पर्धाको नाममा समूहगत निर्वाचन लड्ने अभ्यास अत्यन्त हानिकारक रह्यो। यस्तो शैली गुटबन्दीको स्थायी स्रोत र आधार बन्यो। यसलाई कुनै हालतमा पनि दोहरिन दिनुहुँदैन।

## १२. अभिलेखहरूको सुव्यवस्था

समाजको अग्रगतिको निम्ति तथ्य–तथ्याङ्कहरू, सूचनाहरू र पार्टीका निर्णयहरू लगायत विभिन्न अभिलेखहरूको संरक्षण जरुरी छ। यी तथ्य–तथ्याङ्कहरूले पार्टीको निर्णय प्रक्रियामा महत्वपूर्ण योगदान दिन सक्नेछन्। पार्टीको विचार निर्माणको प्रक्रिया र संगठन विकासको गतिलाई बुझ्न र नवीन विचारहरू विकास गर्न यी अभिलेखहरूको महत्वपूर्ण भूमिका रहने गर्छ। विभिन्न बैठकहरूपछि जारी भएका विज्ञप्तिहरू, विभिन्न कागजपत्रहरू, बैठक

पुस्तिकाहरू, बहसनोटहरू पार्टी कार्यालयको दराजहरूमा सुरक्षित छन्। तिनीहरुको खोजी गरी महत्वपूर्ण कुराहरूलाई अभिलेखीकरण गर्नुपर्दछ ।

बल्खुस्थित पार्टी कार्यालयस्थित अनुशासन आयोगको कार्यकक्षमा १४ अञ्चलका फायलहरू रहेका थिए। त्यसैगरी महत्वपूर्ण संगठनात्मक तथ्याङ्कहरू र पार्टी केन्द्रीय कमिटीका माइन्युटहरू तथा बहसनोटहरू त्यहीँ रहेका थिए। इतिहासका महत्वपूर्ण कागजातहरूमध्ये पाँचौदेखि आठौ राष्ट्रिय महाधिवेशनसम्मका माइन्युटहरू, बहसनोटहरू तथा विविध कागजपत्रहरूका बाकसहरू कार्यालयमा अनुशासन आयोगको जिम्मामा सुरक्षित थिए। २०७२ को भूकम्पले भवन क्षति गरेपछि भूकम्पकै वीचमा जोखिम मोलेर प्रायः सबै सामाग्रीहरू प्राङ्गणमा विभिन्न पालहरूमा सुरक्षित गरिएको थियो । त्यसमा महत्वपूर्ण पूराना दस्तावेजहरू पनि थिए। त्यसलाई खोजी गरी ऐतिहासिक दस्तावेजहरू एवं कागज पत्रहरू पार्टी पुस्तकालयमा सुरक्षित गर्नु आवश्यक छ ।

## १३. निष्कर्ष

पार्टी कामलाई व्यवस्थित बनाउन विचार, संगठन र नेतृत्व विकास गर्नु अनिवार्य छ । यसको निम्ति सुविचारित पद्धति विकास गर्नु पर्दछ । पार्टीमा नियन्त्रण र सन्तुलनको व्यवस्था कायम राख्न प्रभावकारी अनुशासन आयोगको व्यवस्था अनिवार्य छ । आयोगलाई पार्टीले आवश्यकता महसुस गर्दा राय सल्लाह दिने तथा कार्य सम्पादन गर्ने विभागजस्तो ठान्नु हुदैन । आयोगको संख्या साविक विधानको जस्तो एक्काइस सदस्यीय नै कायम राख्नु उपयुक्त देखिन्छ ।

पार्टीमा निर्णय प्रक्रियालाई विधिसम्मत बनाउन, सिद्धान्त र विचारलाई निष्ठाका रुपमा स्थापित गर्न, आचरण र व्यवहारलाई जनतामा स्वीकार्य बनाउन, नेता तथा कार्यकर्ताहरूलाई अनुशासित तथा जिम्मेवार बनाउन अनुशासन आयोगको महत्वपूर्ण भूमिका रहेको र यसलाई पार्टीमा मर्यादित र स्थापित गर्नु अनिवार्य छ। यसलाई पार्टीको स्वायत्त न्यायिक निकायका रुपमा निरन्तरता दिनु पर्दछ।

आयोगका अध्यक्षलाई स्थायी कमिटी, पोलिटव्युरो र केन्द्रीय कमिटीका बैठकहरूमा पदेन सहभागी हुने र प्रतिवेदनहरू प्रस्तुत गर्ने साविक व्यवस्था कायमै हुनु पर्दछ। आयोगका सचिवलाई पोलिटव्युरो र केन्द्रीय कमिटीका बैठकहरूमा सहभागी हुने र विचार संप्रेषणको व्यवस्था हुनु पर्दछ।

पार्टीभित्र नियन्त्रण र सन्तुलन कायम गर्न अनुशासन आयोग प्रदेश तहसम्म गठन गर्नु पर्दछ। राज्य प्रादेशिक संरचनामा गइसकेको अवस्थामा प्रदेश तहमा छरितो आकारको प्रादेशिक अनुशासन आयोगको व्यवस्था गर्नु आवश्यक हुन्छ।

विभिन्न कारणवश यतिखेर पार्टीका संस्थागत प्रणालीहरू कमजोर देखिएका छन्। पार्टीलाई संस्थागतरुपमा बलियो बनाउनु पर्दछ। पार्टीभित्र गुटबन्दीलाई संस्थागतरुपमा कुनै अर्थमा पनि दोहरिन दिनु हुदैन। गुटजन्य कारण र प्रक्रियाको खोजी गरी त्यसको विश्लेषण र निराकरण गर्न नेतृत्व तहबाट नै ध्यान दिनु पर्दछ। पार्टीका नेता तथा कार्यकर्ताहरूको मूल्याङ्कन गर्ने र जिम्मेवारी दिने परिपाटीलाई संस्थागत र सबल बनाइनु पर्दछ।

पार्टीभित्र देखिएको अर्को समस्या भनेको आत्मकेन्द्रित प्रवृत्ति हो। यस प्रवृत्तिले विभिन्न नेता तथा कार्यकर्ताहरूका स्वार्थहरू बाझिने गरेका छन्।

यसले पार्टीमा असहज अवस्था सिर्जना भएको छ । आपसी स्वार्थहरू बाझिदै जाँदा कुण्ठाहरू बढ्दै जाने र पार्टीमा विग्रहहरू प्रतिविम्बित हुने गरेका छन् । यस्तो प्रवृत्ति सबै उमेर समूहमा देखिएको छ । त्यसो हुँदा नेतृत्व विकासमा उमेर बाधक होइन, तर यसलाई नियमन गर्नु पर्दछ ।

पार्टीको कार्यकारी भूमिकामा रहेको नेतृत्वको कार्यअवधि २ कार्यकालमा सिमित गरिनु पर्दछ । दुई वा तीन पटकभन्दा बढी कुनै पनि तहको कमिटीमा एउटै पदमा एउटै व्यक्ति उम्मेदवार हुनुहुँदैन । नेपाली कम्युनिष्ट आन्दोलनको अनुभवले हामीलाई यही शिक्षा प्रदान गरेको छ ।

पार्टी संगठन वा सार्वजनिक क्षेत्रका विभिन्न पदहरूको प्रतिस्पर्धामा सामेल भएका नेताहरूलाई पराजित भइसकेपछि पुनः सोही या सोभन्दा माथिको तहको नेतृत्वमा मनोनित गर्नु हुँदैन । यसले लोकतान्त्रिक विधिलाई कमजोर बनाउनेछ ।

एउटै व्यक्ति राजनीतिक रुपमा चयन हुने राजकीय पदहरूमा (प्रधानमन्त्री/ मन्त्री/ सांसद/सभापति/मेयर/अध्यक्ष आदि) दुई पटकभन्दा बढी अवधि रहनु हुदैन । यसमा गम्भीरतापूर्वक विचार विमर्श गर्नु आवश्यक छ ।

अनुशासन आयोग पार्टीको संगठन प्रणालीभित्र कार्यकारी भूमिकामा रहने संस्था होइन । यसले पार्टीका सबै तहका कमिटीहरूभित्र अनुशासन कायम गराउने हो । पार्टीभित्र आयोगको न्यायिक भूमिका हुने भएकाले आयोग सम्मानित र मर्यादित हुनु पर्दछ ।

पार्टी र सरकारको काम गर्दा राजनीतिलाई विकाससँग जोड्ने गरी नीति, संगठन र नेतृत्व विकास गर्नु पर्दछ । समाजको रुपान्तरण र विकासको कार्यलाई जनताको जीवनसँग जोड्नु पर्दछ । पार्टीका राजनीतिक

कार्यकर्ताहरूलाई आत्मनिर्भर बनाउन विविध खालका उत्पादन कार्यहरूमा जोड्ने नीति अवलम्वन गरिनु पर्दछ । पार्टीमा नेतृत्व विकासको निम्ति यस नीतिलाई कडाइका साथ लागु गर्नु पर्दछ ।

यी निष्कर्षहरू हाम्रो संगठनात्मक जीवनमा महसुस गरिएका विषयहरू हुन् । यस महाधिवेशनले यी सुझावहरूलाई गंभीरतापूर्वक ग्रहण गर्नेछ भन्ने हामीले अपेक्षा गरेका छौ ।

अन्त्यमा,

आयोगले पार्टी संगठनको जीवनमा देखिएका केही उपलब्धिहरू तथा कमजोरीहरू संक्षिप्तरुपमा औलाउने प्रयत्न गरेको छ। आगामी राष्ट्रिय महाधिवेशनमा यस प्रतिवेदनलाई अझ बिस्तृतरुपमा प्रस्तुत गरिनेछ। यतिखेर हाम्रो पार्टीको आन्तरिक जीवनमा उत्पन्न असहज स्थिति तथा राष्ट्रिय राजनीतिमा उत्पन्न प्रतिकूल स्थितिको एकताबद्ध भएर सामना गरौ ! सबैखालका आग्रह र पूर्वाग्रहबाट माथि उठेर पार्टीलाई वैचारिक, राजनीतिक र संगठनात्मक रुपमा बलियो र सक्रिय बनाऔँ !!

हार्दिक क्रान्तिकारी अभिवादनसहित,

१६ असोज २०७८

**अमृतकुमार बोहरा**
अध्यक्ष
केन्द्रीय अनुशासन आयोग
नेकपा (एमाले)

दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं,
जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं ।

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

# प्रथम विधान महाधिवेशन

(असोज १५–१७, २०७८) बाट पारित

# केन्द्रीय लेखापरीक्षण आयोगको प्रतिवेदन

cpnuml

*अध्यक्ष कमरेड तथा विधान महाधिवेशनका प्रतिनिधि कमरेडहरू,*

विधान महाधिवेशनको जिम्मेवारी मूलतः राजनीतिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र विधान पारित गर्ने हो । तर पनि आयोगहरूको कामको महत्वलाई आत्मसात् गरी यस बैठकमा बोल्नको लागि समय उपलव्ध गराइएकोमा कमरेड अध्यक्षलगायत सम्पूर्ण कमरेडहरूलाई लेखापरीक्षण आयोगको तर्फबाट धन्यवाद दिन चाहन्छु । विगत ४ वर्षमा पार्टीभित्रको गतिरोधका कारणले आर्थिक कामसम्बन्धी संस्थागत भएको हाम्रो परिपाटी कमजोर भएको अवस्था छ र  यसलाई लिकमा ल्याउन यस विधान महाधिवेशनले सहयोग गर्नेछ भन्ने आशा छ । आयोग पुनर्जीवित भएसँगै यस दिशामा पुनः प्रयास थालेको कुरा कमरेडहरूलाई अवगत गराउन चाहन्छु ।

सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई स्वीकार गरी कार्यकारी निकायको कामलाई नियमन गर्नको लागि स्वायत्त आयोगहरू निर्माण गर्ने परम्परा कम्युनिष्ट पार्टीहरूको इतिहासमा नौलो र मौलिक अभ्यास हो । स्वायत्त आयोगहरूको निर्माण र सवलीकरणले हाम्रो पार्टी लोकतन्त्र, आत्मानुशासन, सुशासन र आर्थिक पारदर्शितामा विश्वास गर्छ भन्ने देखाएको छ । तीनवटा आयोगहरूमध्ये लेखापरीक्षण आयोग पार्टीभित्रको आर्थिक कामलाई नियमन गर्ने निकाय हो । यसले पार्टीको आर्थिक कामलाई नियमसंगत,

मीतव्ययी, व्यवस्थित, पारदर्शी र औचित्यपूर्ण बनाउन सहयोग पुऱ्याउनुको साथै पार्टी कमिटी र पार्टी नेतृत्वको आर्थिक शुद्धीकरणलाई जोड दिने गर्दछ र पार्टीलाई सहजरुपमा संचालन हुन सहयोग गर्दछ। नेतृत्वलाई आर्थिक अनुशासनमा राख्न, अनावश्यक भ्रमहरू चिर्न र पार्टीको क्रान्तिकारी छवि जोगाउन यसले सहयोग गर्दछ। विधानको व्यवस्थाअनुसार आर्थिक पाटोमा अनुशासन आयोगले पार्टी नेता र पार्टीका तर्फबाट अन्य निकायमा जाने जनप्रतिनिधिहरूको व्यक्तिगत सम्पत्तिको अभिलेख राख्ने र अनुगमन गर्ने तथा लेखापरीक्षण आयोगले पार्टी कमिटीहरूको हिसाबकिताबको अनुगमन, नियमन र परीक्षण गर्ने व्यवस्था रहेको कुरा म स्मरण गराउन चाहन्छु।

## नवौं महाधिवेशनदेखि हालसम्म

केन्द्रीय लेखापरीक्षण आयोगमा नवौं महाधिवेशनबाट अध्यक्षसहित २१ जना चयन भएका थियौं भने विधानअनुसार २५ प्रतिशत मनोनयनको प्रावधानअन्तर्गत ६ जना कमरेडहरूलाई मनोनयन गरिएको थियो। २७ जनाको पूर्ण कमिटीमध्ये एक जनाको देहावसान भयो, २ जना कमरेडहरू केन्द्रीय कमिटीको मनोनयनमा पर्नु भयो र पार्टीबाट केही व्यक्ति बाहिरिनुभन्दा अघि आयोगमा हामी २४ जना रहेका थियौं। पार्टीमा आएको यो विखण्डनपछि ६ जना व्यक्ति अर्को पार्टीमा गएको देखिएकाले आयोगको १२ औं र १३ औं बैठकले उहाँहरूलाई कमिटीबाट पदमुक्त गरेको छ र सदस्यतासमेत खारेजीको लागि सिफारिस गरिएको छ। अहिले कमिटी १८ सदस्यीय छ। कमिटीको उपाध्यक्ष कमरेड विष्णुबहादुर राउत र सचिव कमरेड शिव अधिकारी हुनुहुन्छ। सचिवालय ९ जनाको छ। अहिलेसम्म लेखा आयोगका पूर्ण १३ वटा र सचिवालयको १० वटा बैठक बसेका छन्।

नवौं महाधिवेशनपछि अर्थात् २०७०/७१ देखि २०७७/७८ सम्मका ८ आर्थिक वर्षको लेखापरीक्षण गर्नु पर्ने अवस्था हो। पार्टी एकीकरणभन्दा अघि नै आर्थिक वर्ष ०७२/७३ सम्मको हिसाबकिताबको आन्तरिक लेखापरीक्षण प्रतिवेदन केन्द्रीय कमिटीको बैठकमा पेश गरिसकेका थियौं तर पार्टी एकीकरणपछि लेखापरीक्षण आयोगले पूर्णता नपाएको स्थितिको कारणले परीक्षण र निरीक्षणको कामलाई अगाडि बढाउन सकेनौं। दुई पार्टीको हिसाब किताब निर्वाचन आयोग प्रयोजनका लागि भए पनि पूर्णरुपमा एकीकरण हुनसकेन। न त लेवी र सदस्यता शुल्क नै एकीकरण हुनसक्यो। त्यस अविधमा पनि नेकपा एमालेको कार्यालयबाट आर्थिक कारोबार भने चलिरहेकाले हाल त्यसको पनि आन्तरिक लेखापरीक्षण गर्नुपर्ने अवस्था छ। २०७७ साल फागुन २३ को सर्वोच्च अदालतको फैसलापछि पनि पार्टीभित्रको अन्तर्संघर्षका कारणले पार्टीको आर्थिक हिसाब पूर्णरुपमा संस्थागत भइनसकेको अवस्था छ। त्यतिबेला रोकिएका बैंक खाताहरू अझै पूर्णरुपमा सञ्चालनमा आइसकेका छैनन्। तसर्थ पार्टीको नवौं महाधिवेशनदेखि २०७८ असार मसान्तसम्मको हिसाबको लेखापरीक्षण प्रतिवेदन, उक्त अवधिको आयव्यय र पार्टीको वर्तमान आर्थिक अवस्थाको बारेमा करिब २ महिनापछि हुने राष्ट्रिय महाधिवेशनमा प्रतिवेदन पेश गरिने छ। राजनीतिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र विधानसम्बन्धी प्रस्तावले समग्र राजनीतिक विषयवस्तु र भावी कार्यदिशा, समग्र सांगठनिक वस्तुस्थिति र सांगठनिक सुधारको दिशा र आवश्यक वैधानिक व्यवस्थाको सम्बन्धमा प्रकाश पारेकै छन्। म यहाँ तिनै दस्तावेजहरूको आलोकमा पार्टीभित्रको समग्र आर्थिक व्यवस्थापनको सन्दर्भमा नवौं महाधिवेशनको मार्गनिर्देशन, नवौं महाधिवेशनदेखि हालसम्मको अवस्था, लेखा आयोगको वर्तमान अवस्था र भावी सोच, पार्टीको आन्तरिक आर्थिक कार्यप्रणालीमा गर्नुपर्ने सुधारहरू आदिका बारेमा नीतिगत चर्चा गर्न चाहन्छु। विधान महाधिवेशन

त्यसै पनि नीति र विधिमा केन्द्रित महाधिवेशन भएकाले यो संक्षिप्त प्रतिवेदनमा पार्टीको आर्थिक परिचालनसम्बन्धी नीति र विधिको बारेमा छलफल र त्यसैअनुसारको सुधार गर्दा राजनीतिक प्रतिवेदनले सोचेको आर्थिक, सामाजिक र राजनीतिक अवस्था र सांगठनिक प्रतिवेदनले सोचेको पार्टी निर्माण गर्नसक्ने अवस्था सिर्जना गर्दछ ।

आगामी राष्टिय अधिवेशनमा पूर्ण प्रतिवेदन ल्याइने भए पनि म यहाँ यस अवधिका श्रेस्ता हेर्दा देखिएका मूल प्रवृत्तिहरूको बारेमा छोटो चर्चा गर्न चाहन्छु । खासगरी पार्टी एकतापछिका वर्षहरूमा आर्थिक गतिविधिमा सन्तुलन र नियन्त्रणको अवस्था रहन नपाएकोले केन्द्रीय श्रेस्ताका केही संस्थागत व्यवस्था खस्किएको देखिन्छ भन्ने कुरा पुनः स्मरण गराउन चाहन्छु । श्रेस्तामा थुप्रै कमीकमजोरीहरू देखिन्छन्, जसलाई सुधार्नु पर्ने आवश्यकता छ । धेरै भुक्तानीमा भौचरहरू तयार गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्नेको हस्ताक्षर देखिँदैन, सामान खरिद गर्दा टेण्डर, कोटेशन आदिलाई प्रयोग गरेको देखिँदैन, सवारी इन्धन खर्च नियन्त्रणको लागि लगबुक प्रयोग भएको छैन, घरभाडा भुक्तानीमा कर कट्टी भएको देखिँदैन, अख्तियारवाला व्यक्ति आफैले पेस्की लिएको देखिन्छ, प्रयोजन नखुलाई हचुवामा पेस्की गएको छ, एक पटक लिएको पेस्की फछर्यौट नगरी अर्को पेस्की दिइएको र बिना बिलभरपाई पेस्की फछर्यौट र खर्च गरेको देखिन्छ, वास्तविक नभएर इस्टिमेट बिलमात्र संलग्न भएको र बिक्रेताको नाम नै नभएका बिल संलग्न गरेर खर्च गर्ने गरेको देखिन्छ । पार्टीमा बजेट बनाउने र त्यसभित्र रहेर खर्च गर्ने परिपाटी छैन भने अधिकांश कारोबार नगदमा हुने गरेको छ, कतिपय भौचरमा तलबभत्ता खुवाएको विवरणसमेत छैन, इन्धन र मर्मत खर्च बिनामापदण्ड अत्यधिक भएको छ, बिना कोटेशन ठूलाठूला छपाइका कामहरू भएको देखिन्छ र आधिकारिक व्यक्तिको स्वीकृतिबेगर भुक्तानीहरू भएका छन् । यस

अवधिमा पार्टीको आम्दानी र खर्च घटेको स्थिति छ । केन्द्रीय तहमात्र होइन, मातहत कमिटीहरूमा पनि पार्टीभित्रको उतारचढावका कारणले संस्थागत प्रणालीमा समस्या आएको छ भन्ने हाम्रो बुझाइ छ ।

## लेखा आयोगको जिम्मेवारी र मूल कार्यदिशा

विधानअनुसार सबै कमिटीले आफ्नो हिसाबकिताबको लेखा राख्ने, लेखापरीक्षण गराउने र लेखाको ढाँचा केन्द्रीय लेखापरीक्षण आयोगले तोकेअनुसार हुने र केन्द्रीय लेखापरीक्षण आयोगको काम पार्टी केन्द्रीय कमिटीको हिसाबको आन्तरिक लेखापरीक्षण गर्ने, प्रदेश कमिटी, जिल्ला कमिटी, पार्टी सम्वद्ध जनसंगठनहरूको केन्द्रीय तहको लेखापरीक्षण र निरीक्षण गर्ने र त्यसको प्रतिवेदन दिने, लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी नीतिनियम बनाई कार्यान्वयनको लागि केन्द्रीय कमिटीमा पेश गर्ने, आर्थिक अनुशासनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने, लेखा र आर्थिक व्यवस्थापनको ढाँचा निर्माण गर्ने र पार्टी कमिटीहरूलाई आर्थिक रुपले अनुशासित बनाउने काममा केन्द्रित हुने व्यवस्था छ। अनुशासित कार्यकर्ता, बलियो कोष र पारदर्शी हिसाबकिताब नै बलियो पार्टीको आधार हो भने बलियो पार्टी निर्माण नै सरकार बनाउने आधार हो। त्यसैले अनुशासित आर्थिक व्यवस्थापन समाजवादको आधार निर्माणको पूर्वाधार हो। नेकपा एमाले केन्द्रीय लेखापरीक्षण आयोग यही मार्गलाई आफ्नो कामको मूल दिशा मान्दछ । राजनीतिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र विधानले दिएको मार्ग निर्देशनअनुसार पार्टीलाई अनुशासित बनाएर अगाडि बढाउने अठोट गर्दछ ।

पार्टी सम्पत्तिको व्यवस्थापनको हिसाबले हेर्दा पार्टीको अहिलेको अवस्था सन्तोषजनक नै छ । यो अवस्था विगतको तुलनात्मकरुपमा राम्रो आर्थिक व्यवस्थापन प्रणालीको परिणाम हो भन्ने हाम्रो ठहर छ । त्यसैले अहिले खस्किएको प्रणालीलाई पुनः लिकमा ल्याउने र संस्थागत बनाउने काम गर्नैपर्छ र त्यसको लागि केन्द्रदेखि स्थानीयसम्मका कमिटीहरूले लेखा व्यवस्थापन र प्रतिवेदन प्रणालीलाई नियमित र प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । हामीले आर्थिक काम प्राविधिक काम होइन, संगठन निर्माणसम्वन्धी काम हो भन्ने बुझ्नु र बुझाउनु आवश्यक छ । व्यवस्थित लेखा अनावश्यक भार होइन, सन्तुलन र नियन्त्रणको प्रक्रिया हो, अनियमितता र अराजकता नियन्त्रण गर्ने माध्यम हो, योजनावद्ध काम गर्ने परिपाटी हो र जनविश्वासको आधार हो भन्ने तथ्यमा प्रष्ट हुनु र पार्नुपर्छ । पार्टीका कार्यकर्ताहरू इमान्दार भएर मात्र पुग्दैन, व्यवस्थित लेखा प्रणालीको माध्यमबाट इमान्दार भएको देखाउनु पर्छ र हिसाबकिताबलाई गोप्य होइन, पारदर्शी बनाएर जनताको विश्वास जित्न सकिन्छ भनेर प्रष्ट पार्नुपर्छ । कुनै पनि प्रणालीको मूल आधार आर्थिक विषय हुने गर्दछ । पार्टीभित्र अन्तरविरोध सिर्जनामा आर्थिक कारणले पनि महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । सुस्पष्ट आर्थिक व्यवस्थापन प्रणाली स्थापित गर्न सकेमा पार्टीभित्रको यो समस्या न्यूनीकरण गर्न सकिन्छ । पार्टीभित्रको आर्थिक कामलाई पुनः व्यवस्थित गर्न निम्नअनुसारका सुधारहरूको लागि म यस महाधिवेशनसमक्ष लेखा आयोगको प्रस्ताव राख्न चाहन्छुः

- पार्टीको नाउँमा उठाइएका वा प्राप्त भएका सम्पूर्ण नगद र जिन्सी पार्टी कोषमा दाखिला गर्ने र कमिटीको निर्णयबमोजिम खर्च गर्ने व्यवस्था गर्नुपर्छ ।

- पार्टीभित्र आर्थिक विचलनविरोधी शुद्धता अभियान र कुशल व्यवस्थापन कसरी गर्ने भन्ने सम्वन्धमा प्रशिक्षण अभियान चल्नुपर्छ ।
- केन्द्रीय आर्थिक विभागलगायत सबै कमिटी र जनसंगठनहरूले अनिवार्यरुपमा वार्षिक कार्ययोजनाको साथमा राजनीतिक कार्ययोजना अनुसारको बजेट बनाउनु पर्छ र सोहीअनुसार आफ्नो काम अगाडि बढाउनु पर्छ ।
- कुनै पनि कमिटी प्रमुखले त्यस कमिटीको दैनिक नगदसँग सम्बन्धित आर्थिक काममा हात हाल्न नहुने कुरालाई जोड दिनुपर्छ । त्यसो हुँदा नेतृत्वमा आर्थिक शुद्धता आउँछ र अरूलाई पनि नियन्त्रण गर्ने क्षमता प्राप्त हुन्छ ।
- पार्टीलाई बुझाउनु पर्ने लेबीलगायतका रकम नबुझाउने कमिटी र व्यक्तिहरूलाई अनुशासन उल्लंघनको हिसाबले कारबाही हुनुपर्दछ । पार्टीको प्रतिनिधित्व गरी विभिन्न तहका सरकार तथा अन्य संस्थाहरू र राजनीतिक नियुक्तिमा जाने तर पार्टी निर्णयबमोजिम लेबी नबुझाउनेहरूको अभिलेख राखी तिनलाई पुनः त्यस्ता ठाउँहरूमा पठाउन रोक लगाउनु पर्छ ।
- मातहतका सबै कमिटी र जनसंगठनहरूमा नेकपा एमालेको पार्टी नियमावलीको दफा १४ बमोजिम आर्थिक काममा नियमित अनुगमन गर्ने अधिकार सहितको ३ देखि ५ जनाको लेखा समिति बनाउनु पर्छ र तिनलाई तत्तत् कमिटीहरूको आर्थिक अनुगमनको काम जिम्मा दिनुपर्छ ।

- पार्टीका हरेक तहहरूमा आर्थिक विषयलाई बैठकको नियमित एजेण्डा बनाउने, आम्दानी खर्चलाई समयसमयमा अनुमोदन गराउने, सकेसम्म पेस्की नदिने, दिए पनि तुरुन्त फछ्र्यौट गराउने, आर्थिक विवरणहरू समयमा बनाउने आदि परिपाटी बसाल्नु पर्छ । आर्थिक काममा कमिटीगत प्रणाली, आर्थिक एजेण्डाउपरको नियमित छलफल र अनुमोदन आदिमा ध्यान दिनुपर्दछ ।
- पार्टीमा पुराना पेस्कीहरू अहिले पनि फछ्र्यौट हुन बाँकी छन् । सम्बन्धित कमरेडहरूलाई पार्टी लेखा शाखामा सम्पर्क गरी त्यसलाई फछ्र्यौट गर्नेतर्फ लाग्न आग्रह गर्दछु । बक्यौता मिनाहा दिनुहुँदैन । कुनै कामको लागि गएको पेस्की जुन प्रयोजनको लागि गएको हो सोही प्रयोजनको लागि बनेका तत्तत् कमिटीको बैठकको अनुमोदनपछि मात्र फछ्र्यौट गर्ने व्यवस्था गर्नुपर्छ । नेतृत्व तहका मानिसहरूलाई विशेष अवस्थामा बाहेक पेस्की दिनु हुँदैन ।
- पार्टी कमिटीहरू र जनसंगठनहरूमा जिम्मेवारी हेरफेर हुँदा आर्थिक लगायत सम्पूर्ण कागजातहरूको बरबुझारथको परिपाटी बसाल्नु पर्छ । आफ्नो जिम्मेवारीमा रहेको कमिटीको जिन्सी तथा नगद हिसाबकिताबको बरबुझारथ नगर्ने नगराउने र लेखापरीक्षण नगराउने व्यक्तिहरूलाई अर्को जिम्मेवारी नदिने नीति लिनुपर्छ ।
- लेखापरीक्षण नगराइकन अधिवेशन र प्रतिनिधि परिषद बैठक गर्न प्रतिबन्ध लगाउनु पर्छ । अधिवेशन र प्रतिनिधि परिषद बैठकमा लेखापरीक्षणकर्ताले नै लेखापरीक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था हुनुपर्छ ।
- पार्टीले आफ्नो आर्थिक अवस्था बलियो र जनआधारित बनाउनको लागि नियमित सहयोगदाताहरूको सूची बनाउने र

आर्थिक परिचालनको लागि समयसमयमा सम्पूर्ण पार्टी पंक्तिलाई अभियानको रुपमा परिचालन गर्नु पर्छ ।

- सबै जनसंगठनहरूलाई संस्थागत र आत्मनिर्भर बनाउन पहल गर्नुपर्छ । पार्टीले जनसङ्गठनलाई होइन, जनसङ्गठनले पार्टीलाई सहयोग गर्ने परिपाटी बसाल्नुपर्छ ।
- सबै कमिटीहरूलाई बैंकमार्फत् आर्थिक काम गर्न अनिवार्य गर्नुपर्छ। पार्टी कार्यकर्ता संरक्षणको लागि कोष खडा गर्ने निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ ।
- आर्थिक काम गर्दा सन्तुलन र नियन्त्रणको सिद्धान्तलाई ध्यान दिने, दोहोरो लेखाको सिद्धान्तअनुसार लेखा राख्ने, हरेक बिलभर्पाई र आर्थिक दस्तावेज दुई वा सोभन्दा बढी व्यक्तिहरूबाट अनुमोदन हुने, जिन्सी अभिलेखलाई चुस्तदुरुस्त बनाउने, साउन १ देखि असार ३१ गतेसम्मलाई आर्थिक वर्ष मान्ने र वार्षिक हिसाबकिताब राख्ने, पार्टीको आम्दानीको लागि आधिकारिक रसिद प्रयोग गर्ने, व्यक्तिको जिम्मामा नगद मौज्दात नराखी बैंकमा राख्ने, पार्टी सम्पत्ति यदि व्यक्तिका नाउँमा भए त्यसलाई तुरुन्त पार्टीको नाउँमा ल्याउने काम गर्नुपर्छ ।
- एक जना व्यक्तिले धेरै व्यक्तिहरूको एकमुष्ट सदस्यता लिइदिने वा नवीकरण गर्ने परिपाटी विकास हुँदैछ । यो गलत प्रवृत्ति हो र यसलाई नियन्त्रण गर्नुपर्छ ।
- पार्टीले आफ्नो थप नियमित आम्दानीको लागि लगानी गर्न सक्छ तर त्यसरी गरिने लगानी पार्टीकै नाउँमा हुनुपर्दछ । पार्टीको नियमित आम्दानीको स्रोत सदस्यता शुल्क र लेबी हुनुपर्छ ।

पार्टीको निर्णयअनुसार सार्वजनिक नेतृत्वमा जाने वा राजनीतिक नियुक्तिमा जानेहरूको लेवी निर्धारण गर्ने र उठाउने काममा लाग्न तथा त्यसरी आएको रकमबाट लाभको पदमा नरहेका पार्टीका कमरेडहरूलाई न्यूनतम भए पनि मासिक खर्च उपलब्ध गराउनु आवश्यक छ ।

- पार्टीका नेता तथा कार्यकर्ताहरूलाई पार्टीको अनुशासनभित्र राख्नको लागि आर्थिक आचारसंहिता आवश्यक छ । यसतर्फ नेतृत्वको छिटोभन्दा छिटो ध्यान जानु जरुरी छ ।
- निर्वाचन प्रणाली अत्यन्त महँगो हुँदै गएको छ र यसका कारणले पार्टीभित्र नयाँ वर्ग जन्मिने र पार्टीका नेताहरूलाई अपारदर्शी बनाउँदै छ । निर्वाचन सञ्चालन पार्टीको बुँताभन्दा बाहिर जाँदै छ । आर्थिक हैसियत नभएका तर पार्टीमा धेरै योगदान गरेका कमरेडहरू निर्वाचनबाट भाग्नु पर्ने स्थिति आएको छ । यही कारणले पार्टीको आर्थिक व्यवस्थापनमा अपारदर्शिता पनि बढेको र समग्र अर्थतन्त्रमा उत्पादनशील पूँजीभन्दा दलाल पूँजी सिर्जना हुने अवस्था आएको छ । यतातर्फ ध्यान दिँदै निर्वाचन प्रणालीमा सरलीकरण र सुधार गर्नु आवश्यक छ ।
- पार्टीका कार्यक्रमहरू अनावश्यक भड्किला र अत्यधिक खर्चिला हुने गरेका छन् । यसले पार्टीको कोषमा अनावश्यक भार थपेको हामीले महसुस गरेका छौं । हामीले मितव्ययी हिसाबले कार्यक्रमहरू सञ्चालन गर्ने पद्धति विकास गर्नुपर्छ ।
- पार्टी खर्च न्यूनीकरण र पार्टीका विभिन्न विभाग तथा निकायहरूको कामको सहजताको लागि पार्टी केन्द्रीय कार्यालय भवन छिटोभन्दा छिटो निर्माण हुनु आवश्यक छ । पार्टी कार्यालयको

लागि घरजग्गा नहुने प्रदेश, जिल्ला, जनसंगठन र पालिकाहरूलाई सो कामको लागि प्रोत्साहित गर्नुपर्छ । भवन निर्माण गर्दा वा अन्य स्थिर सम्पत्ति खरिद गर्दा आफ्नो आवश्यकताअनुसारको बनाउने नीति लिनुपर्छ । क्षमताभन्दा ठूलो संरचनामा जाने र ऋणमा डुब्ने स्थिति बन्नु हुँदैन ।

- पार्टी कार्यालय भवन, सवारीसाधन आदिको बीमा गराउने व्यवस्था गर्नुपर्छ । पार्टीसँग भएको सम्पत्तिको उपयुक्त व्यवस्थापन र आय आर्जन हुने हिसाबले प्रभावकारी विनियोजन गर्नुपर्छ ।
- पार्टी विधानले पार्टीको सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रको अधिकार हुने व्यवस्था गरेको छ । तर हामीसँग केन्द्रीय कार्यालयमा यसको व्यवस्थित अभिलेख छैन। जग्गा, भवन आदि सम्पत्तिको अभिलेखलाई व्यवस्थित गर्नुपर्छ र यो अभिलेखको एकमुष्ट संग्रह सम्बन्धित कमिटीहरू र केन्द्रीय कार्यालयसँग हुनुपर्छ । यही प्रयोजनको लागि केन्द्रीय लेखा आयोग र पार्टी केन्द्रीय कार्यालयको सहकार्यमा पार्टीको नाउँमा देशभर रहेको स्थिर सम्पत्तिको अभिलेख तयार गर्ने काम हुँदैछ । म खासगरी प्रदेश र जिल्ला कमिटी अध्यक्ष कमरेडहरूलाई पार्टीको स्वामित्वमा रहेका जग्गा, भवन र सवारी साधनको अभिलेख तयार गर्न आग्रह गर्दछु । यस विधान महाधिवेशनपछि सम्पत्ति अभिलेख संकलन र लेखापरीक्षणको लागि मातहतका विभिन्न कमिटीहरूमा जाने यस आयोगको कार्यक्रम रहेको छ । म प्रदेश इञ्चार्ज, प्रदेश अध्यक्ष र जिल्ला अध्यक्ष कमरेडहरूलाई यी कामहरूमा सहजीकरण र सहयोग गर्न आग्रह गर्दछु ।

- पार्टी कमिटीहरूको आयव्यय विवरण, वासलात र त्यस सम्बन्धी अन्य विवरणहरू तयार गर्ने र हिसाबकिताबको लेखापरीक्षण गराउने मूल दायित्व कमिटी प्रमुखको हुन्छ भन्ने तथ्य यहाँ प्रष्ट पार्न चाहन्छु ।

## लेखा आयोगको सबलीकरणका केही प्रस्तावहरू

बलियो लेखा आयोग आर्थिक अनुशासनको बलियो आधार हुनसक्छ भन्ने कुरामा दुईमत रहँदैन । पार्टीले सोअनुसारको व्यवस्था गरेकै पनि छ । लेखा आयोगलाई थप बलियो बनाउनको लागि आयोगको मिति २०७८ भदौ १४ गते बसेको बैठकले निम्नअनुसार सुधार आवश्यक छ भन्ने निष्कर्ष निकालेको कुरा म यहाँ राख्न चाहन्छुः

- प्रस्तावित विधानको धारा १७ र ५७ मा केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटी र जनसंगठनका केन्द्रीय निकायहरूको लेखापरीक्षण गर्ने व्यवस्था भएकोमा समन्वय कमिटीहरू, जिल्ला कमिटीसरह वा सोभन्दा माथिका सबै पार्टी कमिटीहरू र महानगर तथा उपमहानगर कमिटीहरू थप्नु उपयुक्त हुन्छ ।
- यस केन्द्रीय निकायको नाम केन्द्रीय लेखा आयोग मात्र राख्दा उपयुक्त हुन्छ भन्ने प्रस्तावित विधानमा आएकै छ । सोही अनुसार गर्नु उपयुक्त हुन्छ ।
- पार्टीको हिसाबकिताबको नियमानुसार लेखापरीक्षण नगराउने, पार्टीको बक्यौता बर्षौंसम्म बाँकी राख्ने वा आर्थिक अनुशासन

उल्लंघन गर्ने व्यक्ति र संगठनहरूलाई कारवाहीको लागि सिफारिस गर्ने अधिकार केन्द्रीय लेखा आयोगलाई दिनु उपयुक्त हुन्छ ।

- लेखा आयोगको काम फरक प्रकारको, वर्षैपिच्छे नियमितरुपमा गर्नुपर्ने र देशैभर छरिएको भएकाले आयोगमा रहने १५ जनाको प्रस्तावित व्यवस्थाले काममा अपर्याप्तता आउँछ कि भन्ने हामीलाई लागेको छ। आयोगमा विज्ञताको पनि आवश्यकता पर्छ। त्यसैले अहिले जस्तै २१ जनाको लेखा आयोग बनाउने व्यवस्था उपयुक्त छ भन्ने हाम्रो राय छ ।
- नवौं महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा पार्टीको आगामी कार्यभारको १२ औं बुँदामा पार्टीको आर्थिक कामलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी वनाउने र पार्टी सञ्चालनका लागि आवश्यक स्रोतहरूको परिचालन पार्टीपंक्ति भित्रैबाट गर्दै पार्टीलाई जनआधारित बनाउन विशेष ध्यान दिने उल्लेख गरिएको थियो। यस विधान महाधिवेशनबाट पारित हुने राजनीतिक प्रतिवेदनमा पनि यी विषयहरू राख्दा उपयुक्त हुन्छ भन्ने सुझाव राख्न चाहन्छु ।

कमरेडहरू,

नवौं महाधिवेशन र आम निर्वाचनमा जारी भएको साझा घोषणापत्रका भावनाहरूलाई कार्यान्वयन गर्ने जिम्मेवारी पार्टीमा थियो र अहिले पनि छ। यस विधान महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदन र प्रस्तावहरूले भनेजस्तै समाजवादको आधार वा समृद्ध नेपाल, सुखी नेपाली निर्माणको अभिभारा नेकपा एमालेको काँधमा छ। त्यसको कार्यभार थाम्नसक्ने पार्टी सिद्धान्त, बिचार, संगठन र कार्यदिशा लिनु पर्ने छ। त्यसको लागि

पार्टी संगठनमा शुद्धता अहिलेको आवश्यकता हो। पार्टी शुद्धताको कुरा गरिरहँदा चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव तथा राष्ट्रपति सी जिन पिङ्गको भनाइलाई यहाँ स्मरण गर्नु उपयुक्त हुन्छ । उहाँ भन्नुहुन्छ "सदस्य र कार्यकर्ताहरूलाई भ्रष्ट बन्नबाट नियन्त्रण गर्ने र पार्टीको शुद्धता कायम राख्ने एउटा महत्वपूर्ण साधन हो – कडा निरीक्षण र अनुगमन । माथिल्लो तहमा रहेकाहरूमा, तल्लो तहकाको प्रभावकारी सुपरीवेक्षण गर्ने साहसको खाँचो छ, तल्लो तहमा रहेकाहरूमा, माथिल्लो तहकाको प्रभावशाली निगरानी गर्ने आँटको आवश्यकता छ । सर्वसाधारण जनतामा अगुवा कार्यकर्तामाथि र कार्यकर्ताहरूमा अरू कार्यकर्ताहरूमाथि बिनामुलाहिजा सुपरीवेक्षण गर्ने हिम्मतको खाँचो छ । सुपरीवेक्षण भनेको अविश्वासको लक्षण हो भन्ने सोचाइलाई अगुवा कार्यकर्ताहरूले अन्त्य गर्नु आवश्यक छ। हरेकले आफूलाई सुपरीवेक्षण मातहत राख्न र नियमानुसारको सुपरीवेक्षणलाई संरक्षण गर्न दह्रो पहलकदमी लिनुपर्छ र कर्तव्यनिष्ठ भई पार्टी र जनताले माग गरेका विभिन्न रूपका सुपरीवेक्षणमा आफूलाई सामेल गराउनुपर्छ ।" यी भनाइ हाम्रो पार्टीको सन्दर्भमा पनि त्यत्तिकै सान्दर्भिक छन्। पार्टीभित्रको शुद्धीकरणले देशमा स्थिरता ल्याउन र विकासमा नेतृत्व गर्न कति सहज हुन्छ भन्ने कुरा चीनबाट हामीले सिक्न सक्दछौं । हाम्रो सन्दर्भमा पनि समाजवादको दिशामा यात्रा गर्न पार्टीभित्रको शुद्धता धेरै आवश्यक छ भन्ने कुरा हामीले बुझ्नु पर्दछ । जनतामा गएर पटकपटक आफूलाई परीक्षण गर्ने नीति बोकेको हाम्रो जस्तो पार्टीलाई शुद्धताको झन् आवश्यकता हुन्छ। नियमित लेखापरीक्षण र अनुगमन यसैतर्फको यात्रा हो। अहिले हामी संक्रमण र अन्तर्संघर्षको अवस्थालाई पार गरेर पार्टी निर्माणको काममा पुनः लागेका छौं । पार्टी नेता तथा कार्यकर्ताहरूलाई हिसाबकिताबको कुशल व्यवस्थापनको महत्वका बारेमा आत्मसात् गराउने र नियमित पद्धतिको रुपमा यसलाई विकास गराउने कुरा नै लेखापरीक्षण आयोगको लागि सधैं चुनौतीको विषय भएको छ। म

यसतर्फ सबैको ध्यानाकर्षण गराउन चाहन्छु र नेतृत्व लगायत यस विधान महाधिवेशनका सबै प्रतिनिधि कमरेडहरूको सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा, केन्द्रीय लेखापरीक्षण आयोगको काममा सक्रिय भएर लाग्ने आयोगका कमरेडहरू र यसमा सहयोग गर्ने सबै कमरेडहरूलाई धन्यवाद दिन चाहन्छु ।

१६ असोज २०७८

**डा. पुष्प कँडेल**
अध्यक्ष
केन्द्रीय लेखापरीक्षण आयोग
नेकपा (एमाले)

*दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई पराजित गरौं,*
*जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं ।*

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

# प्रथम विधान महाधिवेशन

(असोज १५–१७, २०७८) बाट पारित

# केन्द्रीय सल्लाहकार परिषद्को प्रतिवेदन

cpnuml

*अध्यक्ष कमरेड तथा विधान महाधिवेशनका प्रतिनिधि कमरेडहरू,*

अध्यक्ष मण्डलका कमरेडहरु पार्टीका सबै पदाधिकारी कमरेडहरु, स्थायी कमिटी र केन्द्रीय कमिटीका कमरेडहरु, अनुशासन आयोग, लेखा आयोग र निर्वाचन आयोगका कमरेडहरु, सबै केन्द्रीय सदस्य र सल्लाहकार परिषद्का कमरेडहरु, स्वदेश र प्रवासबाट सहभागी हुनुभएका महाधिवेशनका प्रतिनिधिहरु, महाधिवेशन व्यवस्थापनमा अहोरात्र खटिरहनुभएका कमरेडहरु, स्वयंसेवक कमरेडहरु, सञ्चार क्षेत्रका जिम्मेवार सञ्चारकर्मीहरु सबैलाई हार्दिक क्रान्तिकारी अभिवादन व्यक्त गर्दछौं ।

यस ऐतिहासिक विशाल र भव्य महाधिवेशनमा सल्लाहकार परिषद्का सबै कमरेडहरुको तर्फबाट यो सामान्य प्रतिवेदन प्रस्तुत गर्न पाउँदा सबै सल्लाहकार कमरेडहरुले गौरवको अनुभव गरिरहनुभएको छ । सल्लाहकार परिषद्का सल्लाह मागेपछि सल्लाह दिन मात्र होइन, नेपालको कम्युनिष्ट आन्दोलनलाई आम श्रमजीवी जनताबीच स्थापित गर्ने, राष्ट्रियताको पहरेदार, राष्ट्रिय अखण्डताको पहरेदार, राष्ट्रिय स्वाधिनताको रक्षक, 'समृद्ध नेपाल : सुखी नेपाली' निर्माणको सहयोगी दस्ता पनि हो ।

समाजवादतर्फको यात्राको नेतृत्वकर्ता पार्टी भएकाले यसलाई सबल सक्षम र आम जनतामा स्थापित र प्रभावकारी बनाउन कृतसंकल्पित टिम पनि हो । देशका ६,७४३ वडाहरु, ७५३ पालिका, ७७ वटा जिल्ला, सातै प्रदेशका र राष्ट्रको अग्रिम पार्टी भएकाले सम्पूर्ण कमरेडहरुमा आआफ्नो कार्यक्षेत्रको जमिन, जंगल, जल, जडिबुटी, खनिज र मानवस्रोत र क्षमताको गहन अध्ययन विश्लेषण र भरतपुर सदुपयोग गर्दै समाजवादतर्फको यात्रामा राष्ट्रिय जागरण खडा गर्न र प्रत्येक तहमा नेतृत्व गर्न आमजनताको विश्वास आर्जन गर्न हाम्रो पार्टी सफल हुने विश्वास लिएका छौं । यस प्रथम विधान महाधिवेशनले पारित गर्ने राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्तावहरुलाई सिंगै पार्टीपंक्ति र आम जनतामा समेत स्थापित गर्न, महाधिवेशन हलबाट फर्केर आआफ्नो कार्यक्षेत्रमा पुगेपछि नयाँ उत्साह र जागरण पैदा गर्न र एकताबद्ध भएर अघि बढ्न सल्लाहकार परिषद् सबै प्रतिनिधि कमरेडहरुमा हार्दिक तथा विनम्र अनुरोध गर्दछ ।

हामीले यहाँ सल्लाहकार परिषद् र यसको बारेमा सामान्य जानकारी प्रस्तुत गर्न आवश्यक ठानेका छौं ।

हाम्रो पार्टी विधानले केन्द्रीय सल्लाहकार परिषद्को व्यवस्था रहेको छ । केन्द्रीय सल्लाहकार परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी हुने व्यवस्था गरेको छ । सल्लाहकार परिषद्मा अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यको व्यवस्था छ । अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्य सरह, उपाध्यक्ष, सचिव र सदस्यको मर्यादा केन्द्रीय कमिटीसरह रहने व्यवस्था विधानले गरेको छ । केन्द्रीय सल्लाहकार परिषद्का अधिकार र कर्तव्यमा ‘अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरेर बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता

गर्ने, आवश्यकताअनुसार केन्द्रीय कमिटीलाई विभिन्न विषयमा सल्लाह सुझाव दिने र केन्द्रीय कमिटीले तोकेका अन्य काम गर्ने' भनिएको छ ।

नवौं महाधिवेशनपछि केशव बडाल अध्यक्ष, खगराज अधिकारी उपाध्यक्ष र राजेन्द्र गौतम सचिव रहेको, भरतमोहन अधिकारी, वाचस्पती देवकोटासहित ३८ सदस्यीय सल्लाहकार परिषद् गठन भएको थियो । पछि थपेर ६१ सदस्यीय सल्लाहकार परिषद् गठन भएको थियो ।

**सल्लाहकार परिषद्को पहिलो बैठक**

नेकपा (एमाले) संसदीय दलको कार्यालय सिंहदरबारमा २०७८ असार १२ गते दिउँसो ३ देखि ५ बजेसम्म यसको पहिलो बैठक बसेको थियो । पार्टी अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा बसेको उक्त बैठक स्वयंमा सल्लाहकार परिषद्को निकै महत्वपूर्ण रहेको कुरा सबै सहभागी कमरेडहरुले प्रतिक्रिया दिनुभएको थियो । बैठकमा व्यक्त गर्नुभएका विचारका केही अंश यहाँ सामेल गर्नु उपयुक्त र सान्दर्भिक हुने भएकाले सामेल गरिएको छ । अध्यक्षको निर्देशनात्मक प्रस्तुतिका केही अंश यसप्रकार थिए–

- सल्लाहकार परिषद्का मानसम्मानका लागि मात्रै गठन गरिएको होइन । पार्टी गतिविधिमा क्रियाशील हुन गठन गरिएको हो ।
- यो परिषद् निस्क्रिय र निस्प्रभावी नभएर राष्ट्रिय राजनीतिमा पोलिटिकल ट्रेन्डलाई ठीक बाटोमा लाने बल पुगोस भनेर गठन गरिएको हो ।

- महाधिवेशनमा विवेकभन्दा भिन्न ढंगले पनि मतदान हुन सक्ने हुँदा वैधानिक रुपमै भएको हुन्छ तर कहिलेकाहीँ पाउनुपर्नेले मत नपाउन पनि सक्ने अवस्था हुन्छ ।
- कमरेडहरुले मागेको सल्लाह दिने मात्र होइन, क्रियाशील भएर महत्वपूर्ण भूमिका निभाउनुपर्छ । विभिन्न क्षेत्रबाट फिडव्याक लिने र केन्द्रलाई दिने गर्नुपर्छ ।
- परिषद्को वैधानिक व्यवस्था र त्यसभन्दा बढी सक्रियता रचनात्मक सक्रियता आवश्यक छ ।
- परिषद्ले गर्नैपर्ने कामहरु–
- जबजको पुष्टि र रक्षा गर्ने ।
- कतिपयले जबजलाई वर्गदृष्टि छैन भन्छन्, त्यस्तो भ्रमपूर्ण भनाइको खण्डन गर्नुपर्छ ।
- जबज परिपूर्ण र प्रष्ट दृष्टिकोण साथ प्रस्तुत भएको हो ।
- जबज अघि नसारेको भए नेपालको कम्युनिष्ट आन्दोलनमा संकट आउनसक्थ्यो ।
- यसका विरोधीहरुले साधन, स्रोत र शक्ति लगाएर नेकपा (एमाले) लाई कमजोर बनाउने प्रयास गरे, हाम्रो पार्टीले जबजलाई दह्रोसित पक्रेको हुनाले नै टिकेको हो ।
- आजको हाम्रो स्थिति जबजकै कारण सम्भव भएको हो ।
- कतिपयले पूँजीवादी क्रान्ति सकियो भन्छन्, वास्तवमा आंशिक रुपमा मात्रै सकिएको हो, आंशिक रुपमा हुन बाँकी नै छ ।

- संविधान बन्नेक्रममै छ । गर्नुपर्ने काम धेरै बाँकी छ ।
- तेस्रो पार्टी हुँदा पनि दुईपटक सरकारको नेतृत्व गरियो, तर खासै निर्णय गर्नसक्ने अवस्था भएन ।
- पार्टीले यथार्थलाई स्वीकार गर्नुपर्छ र अघि बढ्नुपर्छ ।
- नेकपा (एमाले) सुदृढ अग्रगामी शक्ति हो, सुदृढ देशभक्त शक्ति हो, सुदृढ जनपक्षीय शक्ति हो, हाम्रो यो दृष्टिकोणबाट जनतालाई दीक्षित गर्नुपर्छ ।
- हाम्रो पार्टी ढुलमुले होइन, प्रष्ट छ र प्रष्ट हुनुपर्छ ।
- नेकपा (एमाले)को सामथ्र्य महाभूकम्पपछि झन् देखियो, २७००० घर, टहरा र विद्यालयहरु बनाउने काम गऱ्यो ।
- राष्ट्रियताको सवालमा नेकपा (एमाले) अग्रस्थानमा छ । पार्टीमा केही ससाना समस्या छन्, चित्त नबुझे बाहिर गुनासो गर्दै हिँड्नु हुँदैन, समाधानमा जानुपर्छ ।
- सल्लाहकार परिषद् आइडियोलोजीमा, प्रचारप्रसारमा पार्टी स्कुलमा र समग्रमा विचार दिने थिंकटैंक हुनुपर्छ ।
- बैठकमा महासचिव ईश्वर पोखरेल र भरतमोहन अधिकारीले पनि महत्वपूर्ण सम्बोधन गर्नुभएको थियो। यसरी सल्लाहकारको पहिलो बैठकले उत्साह र ऊर्जा बढाउँदै दृष्टिकोण प्रष्ट पारेको थियो ।

दोस्रो बैठक २०७२ असोज ११ मा पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बस्यो । यस बैठकमा पनि पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको विशेष

उपस्थिति रहेको थियो र पार्टीलाई प्रभावकारी ढंगले अघि बढाउन व्यापक छलफल भएको थियो । बैठकले १० बुँदे महत्वपूर्ण सल्लाह सुझाव तयार गरी केन्द्रीय कमिटीलाई प्रेषित गरेको थियो । खासगरी नेपालको नयाँ संविधानलाई कार्यान्वयन गर्न जोड दिनुपर्ने विषयहरु १० बुँदे सुझावमा समावेश गरिएको थियो ।

तेस्रो बैठक २०७२ पुस १० गते पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बस्यो । उक्त बैठकमा व्यापक छलफल पछि निकालेको निष्कर्ष पार्टी अध्यक्षमार्फत् केन्द्रीय कमिटीमा कार्यान्वयनका लागि पठाइएको थियो। आठवटा मूल बुँदा र ६९ वटा उपबुँदासहितको ६ पृष्ठको सुझाव नयाँ संविधान कार्यान्वयन गर्दा जोड दिनुपर्ने कार्यबारे सुझावमा उल्लेख गरिएको थियो, जसमा प्रदेश राजधानीबारे समेत महत्वपूर्ण सुझावहरु प्रस्तुत थिए ।

जसमा प्रदेश १ को राजधानी विराटनगर–इटहरी, प्रदेश २ को राजधानी जनकपुर–ढल्केबर, प्रदेश ३ को राजधानी उपत्यका (भक्तपुर), प्रदेश ४ को राजधानी पोखरा कास्की, प्रदेश ५ को राजधानी लमही दाङ, प्रदेश ६ को राजधानी सुर्खेत र प्रदेश ७ को राजधानी धनगढी अत्तरिया हुनुपर्ने भनिएको थियो । उक्त सुझावमध्ये अधिकांश सुझाव पालना गरिएको छ ।

चौथो बैठक २०७३ साउन ४ गते पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बस्यो । यो बैठक अघि माओवादी केन्द्रको सहभागितामा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार कार्यरत थियो। भारतको नाकाबन्दी विरुद्ध प्रभावकारी ढंगले उभिएको र चीनसँग व्यापार तथा पारवहन सन्धि गरेर लोकप्रिय हुँदै गएपछि अविश्वास प्रस्तावको माध्यमबाट प्रचण्डद्वारा सरकार गिराइएको थियो । त्यस्तो बेला पार्टीलाई आम जनताका बीच स्थापित गर्नुपर्ने

लगायतका कामको बारेमा ९ पृष्ठको सल्लाह सुझाव पार्टी केन्द्रीय कमिटीमा पठाइएको थियो ।

यसपछि २०७४ चैत १९ गते बसेको सल्लाहकार परिषद्को बैठकले पार्टीलाई एकताबद्ध, सबल, सक्षम र प्रभावकारी ढंगले स्थापित गर्न तत्काल गर्नुपर्ने कामको बारे तीन पृष्ठको १२ बुँदे सुझाव प्रस्तुत गरेको थियो । त्यसबेला सल्लाहकार परिषद्का धेरै जना कमरेडहरु केन्द्रीय कमिटीमा मनोनित हुनुभएकाले सल्लाहकार परिषद्मा पार्टी निर्माणमा विभिन्न प्रदेशबाट लामो समय योगदान गर्नुभएका र विभिन्न राजनीतिक दलबाट एमाले प्रवेश गर्नुभएका ५२ जना कमरेडहरुको नाम सिफारिस गरिएको थियो ।

त्यसपछि २०७५ जेठ ३ गते नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भयो । पछि सल्लाहकार परिषद्को अध्यक्षमा केशव बडाल र सचिवमा माओवादी केन्द्रका तर्फबाट नन्दकुमार थापा तोकिनुभयो । एकता पछि एमालेको तर्फबाट सल्लाहकार परिषद्मा रहने कमरेडहरुको सूची तयार भए तापनि माओवादी केन्द्रका तर्फबाट नाम प्राप्त भएन । बारम्बार रुपमा कमरेड प्रचण्ड, कमरेड नारायणकाजी र कमरेड नन्दकुमार थापासँग सम्पर्क गरेर नाम दिन र सल्लाहकार परिषद्लाई पूर्णता दिन ताकेता गरे तापनि उहाँहरुको तर्फबाट नाम आउँदै नआएकोले तीन वर्षभन्दा लामो समयसम्म सल्लाहकार परिषद्ले पूर्णता पाउनै सकेन । एकतर्फी बैठक बस्ने कुरा पनि भएन । सल्लाहकार परिषद्का अध्यक्ष केशव बडाल र सचिव नन्दकुमार थापा दुईजना मात्रैको बैठक बस्ने अवस्था पनि रहेन । २०७७ फागुन २३ गते पूर्ववत रुपमा एमाले र माओवादी केन्द्र अस्तित्व कायम भएपछि पनि हाम्रो पार्टीका केही नेताहरु चोइटिने क्रमले गर्दा सल्लाहकार परिषद्का सदस्य कमरेडको अन्तिम नाम प्राप्त गर्न विधान महाधिवेशन सुरु हुने हप्ता

मात्र अन्तिम नामावली प्राप्त भएकाले कतिपय कमरेडहरुसम्म सूचना पुऱ्याउन समेत नसकिएको कारण ऐतिहासिक प्रथम विधान महाधिवेशनमा सबैजना कमरेडहरु सामेल हुन सक्नुभएन। यसका लागि अध्यक्षको हैसियतले म क्षमाप्रार्थी छु र क्षमा गर्नुहुनेछ भन्ने चाहन्छु ।

अन्त्यमा पार्टी एकता भएपछि संस्थागत रुपमा सल्लाहकार परिषद्ले सुझाव सल्लाह दिन नसके पनि स्थायी समिति बैठक र केन्द्रीय कमिटी बैठक र विभिन्न सञ्चारमाध्यमबाट आवश्यक सुझाव दिँदै आएको कुरा विधान महाधिवेशनमा सहभागी कमरेडहरुले थाहा पाउनुभएकै छ । एउटा कुराचाहिँ सामेल गर्न चाहन्छु, एकता पछिको संयुक्त स्थायी कमिटीको बैठकमा मैले राखेको थिएँ, एकता मिसिएको जस्तो हुनुपर्छ, मोर्चा जस्तो हुनुहुँदैन । यदि कतै समूहगत छलफल गर्ने, अनि त्यसलाई कमिटीमा प्रस्तुत गरियो भने त्यो एकता हुँदैन, समूहहरुको मोर्चाजस्तो मात्रै हुन्छ । एकता पनि मिसिएकोजस्तो एकता भएन, जसको परिणाम पछि देखिंदै गयो । यसकारण हाम्रो पार्टी विचार समूहको मोर्चा होइन। पार्टीले पारित गरेका नीति/सिद्धान्त, राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र विधानलाई सबैले पालना गर्नु हामी सबै पार्टी सदस्य र समर्थकहरुको कर्तव्य हो । आफ्नो स्वार्थअनुकूल हुँदा पार्टीको पक्षमा, आफ्नो स्वार्थअनुकूल नहुँदा विरोध गर्ने, पार्टीलाई अप्ठ्यारोमा पार्नेहरु वास्तवमा पार्टी सदस्यका लागि योग्य हुन सक्तैनन् । निरन्तरता र धैर्यता हाम्रो जीवनशैली हो। पार्टीको हितका लागि समर्पित नहुने व्यक्ति पार्टी सदस्य हुनयोग्य हुँदैनन् । विधान महाधिवेशनमा सहभागी सबै कमरेडहरु र भर्चूअल रुपमा सहभागी रहनुभएका सम्पूर्ण कमरेडहरुमा महाधिवेशनको सन्देश यही हो। नेकपा (एमाले) केन्द्रीय सल्लाहकार परिषद्का दिवंगत सदस्य

कमरेडहरुको आदरणीय भरतमोहन अधिकारी र कमला सुवेदीप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै आफ्नो प्रस्तुति समापन गर्न चाहन्छु ।

**केशवप्रसाद बडाल**
अध्यक्ष
केन्द्रीय सल्लाहकार परिषद्